## विशेष इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६६-WS-००१३, उत्प्रेषण समेत, *पानबहादुर क्षेत्री वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल स्वास्थ्य सेवा ऐनको दफा २६ को प्रतिवन्धात्मक बाक्यांशको खण्ड (३) मा निर्धारित शर्त पूरा नभएको भन्ने एकमात्र आधारबाट रिट निवेदकको दरखास्त फाराम विपक्षी लोकसेवा आयोगबाट दर्ता नगरिएको र ऐनको उक्त शर्त पूरा गर्नलाई फार्मेसी समूहमा आठौं तहको कुनै पद वा दरबन्दी नै दुर्गम क्षेत्रमा नभएको अवस्थामा दफा २६ को प्रतिवन्धात्मक बाक्यांशको खण्ड(३) को उक्त व्यवस्थाले निवेदकको हकमा असमान व्यवहार गरेको परिणाम निस्कने गरी स्वास्थ्य सेवाका अन्य समूहका कर्मचारीहरू सरह समान आधारमा बढुवा हुन पाउने निवेदकको हकमा अनुचित तवरबाट बन्देज लगाएको देखिने ।

स्वास्थ्य सेवाको फार्मेसी समूहको आठौं तहमा दुर्गम क्षेत्रमा कुनै पद वा दरबन्दी नै नरहेको कारण निवेदकको हकमा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को प्रतिवन्धात्मक बाक्यांशको खण्ड (३) को उपरोक्त व्यवस्था असमान रहेको देखिन आएको भए तापनि दुर्गम क्षेत्रमा पद वा दरवन्दी रहेको अन्य तह वा समूहहरूको सम्बन्धमा उक्त व्यवस्थालाई असमान र भेदभावपूर्ण भन्न सकिने अवस्था नहुँदा निवेदकको मागबमोजिम सो व्यवस्थालाई अमान्य र बदर घोषित गर्न नमिल्ने हुँदा निवेदकको माग दावी पुग्न नसक्ने ।

तथापि खण्ड (३) को उपरोक्त कानूनी व्यवस्था मात्रको कारण निवेदकको कानूनबमोजिम बढुवा हुन पाउने हक अवरूद्ध भएको भन्ने देखिन आएको हुँदा निवेदक कार्यरत् फार्मेसी समूहलगायत दुर्गम क्षेत्रमा पद वा दरबन्दी नै नरहेको अन्य तह वा पदहरूमा कार्यरत् कर्मचारीहरूको बढुवाका सम्बन्धमा खण्ड (३) को उक्त व्यवस्था लागू नहुने गरी उचित कानूनी व्यवस्था गर्न यो आदेश प्राप्त भएको मितिले एक महिनाभित्र विपक्षीमध्येको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संशोधन प्रस्ताव प्रस्तुत गर्न र अन्य विपक्षीहरूले तदनुकूल कानूनी व्यवस्था गर्नका लागि नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (३) मा संशोधन गर्ने विधेयक व्यवस्थापिकाका संसदसमक्ष पेश गर्नु गराउनु भनी विपक्षीहरूका नाममा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६७-WS-००३३, संविधानसँग बाझिएको कानून बदर घोषित गरिपाउँ, *नारायण झा वि. त्रिभुवन विश्वविद्यालय सभा, कीर्तिपुर समेत*

राज्यको निजामती सेवालगायत अन्य सार्वजनिक सेवाहरूमा समानुपातिक समावेशीताको सिद्धान्तलाई अवलम्बन गर्नुको तात्पर्य राज्यका तर्फबाट विगतमा भएको भेदभावपूर्ण व्यवहारका कारण आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिकलगायत अन्य क्षेत्रमा पछाडि परेका वर्ग वा समुदायका नागरिकहरू जो अरू सरह प्रतिस्पर्धामा उत्रन तत्काल समर्थ छैनन् उनीहरूलाई केही छूट (Relaxation) वा सुविधा (Special Advantages) का माध्यमबाट राज्य संयन्त्रमा सहभागी हुने अवसर दिलाई सामाजिक न्याय प्रदान गर्नुपर्ने ।

राज्यको मूल प्रवाहमा समेटिन नसकी पछि परेका वर्ग वा समुदायका नागरिकहरूलाई सामाजिक न्याय र सशक्तीकरणका माध्यमबाट अरू सरह समान प्रतिस्पर्धामा उत्रन सक्षम नभएसम्मका लागि मात्र सकारात्मक विभेदसम्बन्धी नीति अवलम्बन गर्ने र सकारात्मक विभेद, सशक्तीकरण तथा आरक्षण जस्ता कार्यक्रमहरूका माध्यमबाट उनीहरूको प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि भई अरू सरह प्रतिस्पर्धा गर्न सक्षम भएपछि पूर्ण प्रतिस्पर्धामा आधारित "समानहरूका बीचको समानता" को स्थितिमा पुग्ने हुनाले सकारात्मक विभेद वा आरक्षणसम्बन्धी व्यवस्थाहरू अल्पकालीन प्रकृतिका हुने ।

आर्थिक, सामाजिक, शैक्षिक वा सांस्कृतिक क्षेत्रमा पछाडि परेका कारण राष्ट्रिय जीवनको मूल प्रवाहमा समाहित हुन नसकेका वर्ग वा समुदायका नागरिकहरूलाई सशक्तीकरण तथा आरक्षण जस्ता सकारात्मक विभेदका माध्यमबाट राष्ट्रिय जीवनको मूल प्रवाहमा समाहित गराउने समावेशीकरणसम्बन्धी सिद्धान्तको उद्देश्य भएको हुँदा बञ्चिती (Deprivation) मा परेका त्यस्ता वर्ग वा समुदायको पहिचान गर्ने दायित्व राज्य अर्थात् नेपाल सरकारमै निहीत हुने ।

आर्थिक तथा सामाजिक रूपबाट पिछडिएका व्यक्तिहरूलाई आरक्षणको सुविधा उपलब्ध हुने कानूनी व्यवस्था रहेको र सो प्रयोजनका लागि "महिला" लाई एउटा छुट्टै वर्गको रूपमा पहिचान गरी ३३ प्रतिशत आरक्षण सुरक्षित गरिसकिएको सन्दर्भमा अब अन्य वर्गहरू (आदिवासी/जनजाति, मधेशी, दलित अपाङ्ग, पिछडिएका क्षेत्र) भित्र पनि फेरि महिलाका लागि ३३ प्रतिशत पदसंख्या छुट्ट्याउने गरको उक्त नियम ६.३ (८) को खण्ड(ख) को व्यवस्था सारभूत समानताको सिद्धान्तअनुकूल देखिन आउँदैन । महिलाको सम्बन्धमा गरिएको यस्तो व्यवस्थाले प्रकारान्तरले महिला सरह नै बञ्चिती र वहिष्करणमा परेका अन्य वर्गहरू उपर नै फेरि पनि असमान र भेदभावपूर्ण व्यवहार हुन जाने परिणाम निस्कने हुन्छ । यस्तो अवस्था निश्चय नै समानताको अवधारणाअनुकूल नहुने ।

त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ६.३(८) को खण्ड (ख) र (च) को सम्पूर्ण व्यवस्था र खण्ड (ग) को पहिलो वाक्य नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ तथा २१ मा अन्तरनिहीत समानता, समावेशीता र सामाजिक न्यायको सिद्धान्तको प्रतिकूल देखिन आएकोले उक्त व्यवस्थाहरू आजका मितिबाट लागू हुने गरी अमान्य र बदर घोषित हुने ।

प्रस्तुत रिट निवेदनको विषयवस्तु त्रिभुवन विश्वविद्यालयको सेवासँग सम्बन्धित रहेको र मिति २०६६।८।२२ मा त्रि.वि. सेवामा उपरोक्त सिद्धान्तहरूको अवलम्बन गरिनुभन्दा धेरै अघिदेखि राज्यको निजामती सेवामा उक्त सिद्धान्तहरूलाई अवलम्बन गर्दै आएको निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० का व्यवस्थाहरू लोकसेवा आयोग समेतबाट परामर्श प्राप्त र परिष्कृत व्यवस्था भएका कारण अब सोही ऐन तथा नियमावलीका व्यवस्थाहरूसँग तादम्यता राख्ने गरी त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० मा आवश्यक संशोधन तथा परिमार्जन गर्नु गराउनु भनी विपक्षीहरूमा नाममा निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६८-WS-०००१, उत्प्रेषण समेत, *कृष्णप्रसाद सुवेदी वि. त्रिभुवन विश्वविद्यालय सभा, कीर्तिपुर समेत*

अदालतले कुनै कानूनको न्यायिक पुनरावलोकन गर्दा उक्त कानून संविधानअनुकूल (Intra Vires) बनेको छ भनी प्रारम्भिक अनुमान गर्ने गर्दछ । यस अदालतको उक्त अनुमानलाई तर्क, तथ्य र प्रमाणद्वारा अन्यथा प्रमाणित गर्ने दायित्व सम्बन्धित रिट निवेदकउपर नै रहने ।

कुनै कानून संविधानसँग बाझिएको छ भनी यस अदालतमा निवेदन दिनु मात्र पर्याप्त हुँदैन र त्यस्तो निवेदन दावी गरेको आधारमा यस अदालतले कुनै कानूनको न्यायिक पुनरावलोकन गरी त्यस्तो कानूनलाई अमान्य र बदर घोषित नगर्ने ।

जुन कानूनको विद्यमानता तथा जानकारीमा परीक्षा दिई निवेदक उत्तीर्ण भएको छ सो कानूनको प्रयोगबाट अपेक्षित लाभ नपाएपछि आफूलाई बाधक भएको भनी सो कानून नै अमान्य र बदर घोषित गरिपाऊँ भनी जिकीर लिन नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६७-WS-००७०, संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाऊँ, *रामबाबु पाठक वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले चुनौती दिएको छात्रवृत्तिसम्बन्धी (चौथो संशोधनसहित) नियमावली, २०६० को नियम १०क को उपनियम (१) को व्यवस्थाले सामुदायिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूमध्येबाट संविधानको धारा १३ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांशमा संरक्षित विशेष वर्ग वा समूहकै लागि अर्थात् महिला, अपाङ्ग जनजाति, दलित, दुर्गम क्षेत्र एवं आर्थिक तथा सामाजिक रूपमा विपन्न व्यक्तिहरूका लागि नै छात्रवृत्ति निश्चित प्रतिशत आरक्षित गरेको देखिँदा निवेदकको दावीअनुसार नियमावलीको उक्त व्यवस्था अन्तरिम संविधानको धारा १३ द्वारा प्रदत्त समानताको हकसँग बाझिएको छ भन्ने देखिन आउँदैन । नियम १०क को उपनियम (१) को उक्त व्यवस्थाले जातीय आधारमा मात्र छात्रवृत्तिमा आरक्षणको व्यवस्था रहेको छ भन्ने निवेदकको दावी समेत समर्थित नहुने ।

छात्रवृत्तिसम्बन्धी (चौथो संशोधनसहित) नियमावली, २०६० को नियम १०क को व्यवस्था अध्ययन गर्दा नेपाल सरकारलाई प्राप्त हुने छात्रवृत्तिमध्ये पैतालीस प्रतिशत स्थान मात्र समाजका कमजोर एवं पिछडिएका वर्गहरूका लागि आरक्षित भएको देखिन्छ । बाँकी पचपन्न प्रतिशत स्थानमा खुल्ला प्रतिष्पर्धात्मक क्षमता भएका सक्षम वर्गका विद्यार्थीहरूका लागि छात्रवृत्ति प्राप्त गर्ने मार्ग नै अवरूद्ध भएको भन्ने पनि नदेखिने ।

विधायिका निर्मित ऐन कानून तथा प्रत्यायोजित व्यवस्थापनअन्तर्गत निर्मित नियम विनियमहरूको न्यायिक पुनरावलोकन गर्दा त्यस्ता कानूनहरू संविधानअनुकूल (Intra Vires) नै बनेका हुन्छन् भन्ने प्रारम्भिक अनुमान यस अदालतले गर्नुपर्ने हुन्छ । यस अदालतको उक्त अनुमानलाई तथ्य, तर्क र प्रमाणले खण्डन गर्ने दायित्व त्यस्तो कानूनको संवैधानिकतामा प्रश्न उठाउने सम्बन्धित पक्ष अर्थात् रिट निवेदकउपर नै निहीत रहेको हुन्छ । रिट निवेदकको यो दायित्व अन्य कसैमा सर्दैन र निवेदकले आफ्नो उक्त दायित्व पूरा गर्न नसकेमा त्यसको फाइदा चुनौती दिइएको कानूनले नै प्राप्त गर्ने हुन्छ । प्रस्तुत रिट निवेदनमा निवेदकले आजको पेशीको तारिख लिएर पनि सुनुवाइमा उपस्थित भएको वा कानून व्यवसायी नियुक्त गरी पठाएको अवस्था छैन । यसबाट निवेदकले आफूले चुनौती दिएको कानून संविधानसँग बाझिएको छ भन्ने आफ्नो दावीलाई स्थापित गर्ने दायित्व निर्वाह गर्न सकेको समेत नदेखिएकोले छात्रवृत्तिसम्बन्धी (चौथो संशोधनसहित) नियमावली, २०६० को नियम १०क को उपनियम (१) र (५) को व्यवस्था नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ द्वारा प्रदत्त समानताको हकसँग बाझिएको भन्ने देखिन नआएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गरी नियमावलीको उक्त व्यवस्थालाई अमान्य र बदर घोषित गरिरहन नपर्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल मंसिर २२ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** मुद्दा नं. ०६८-DF-००१५, अंश नामसारी, *इसरावती मल्लाहिन समेत वि. फौदार मल्लाह*

वादीले प्रतिवादी रामवृक्ष मल्लाहलाई आफ्नो बाबु हो भनी अंश माग गरेको र वादीको आमा स्वयंले वादी निज प्रतिवादी रामवृक्ष मल्लाहकै छोरा हो भनी बयान गरिरहेको अवस्थामा डी.एन.ए. परीक्षणका लागि अदालतबाट भएको आदेश कार्यान्वयन गर्न तत्परता समेत नदेखाई वादीलाई आफ्नो छोरा होइन भनी प्रतिवादी रामवृक्ष मल्लाहले गरेको जिकीर तर्कसंगत र तथ्यमा आधारित देखिन नआएकोले वादीले निज प्रतिवादीबाट अंश पाउने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल मंसिर १ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** दे.पु.नं. २०६७-CI-०३४९, लिलाम बदर, *रामजी सिँह वि. श्यामसुन्दर पाण्डे*

मिति २०५५।२।१९ को कपाली तमसुक प्रत्यर्थी वादी श्यामसुन्दर पाण्डे निजको पिता र भाउजूसँग मानो छुट्टिएको भनी अदालतका फैसलाले कायम भएको मिति २०५५।१२।११ भन्दा पछाडि खडा भएको देखिएको र सो कपाली तमसुकमा उल्लेख भएको ऋण रू. ९८,०००।- को सम्बन्धमा गणेशदत्त पाण्डे समेतले पछि दायर गरेको अंश मुद्दाको तायदाती समेतमा उल्लेख गर्न नसकेको स्थिति हुँदा सो ऋण पहिले नै मानो छुट्टिइसकेको प्रत्यर्थी वादी श्यामसुन्दर पाण्डेले समेत व्यहोर्नु पर्ने भन्न नमिल्ने हुँदा त्यस्तो ऋणबापतको रकम असूलउपर गर्ने सम्बन्धमा प्रत्यर्थी वादीको अंश हक लाग्ने जग्गाबाट वादीको हकै नरहने गरी लिलाम गर्न नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. २०६५-CR-०१९१, लागू औषध बिक्री वितरण, *नेपाल सरकार वि. जमीर मियाँ*

अभियोजन पक्षले जुन पदार्थलाई प्रतिवन्धित लागू औषध भनी अनुसन्धान गरको हो, सो पदार्थ नै यथार्थमा लागू औषध नभएको तथ्य परीक्षणबाट स्पष्ट भइसकेको अवस्थामा त्यस्तो पदार्थलाई लागू औषध हो भन्ने विश्वासमा पारी कारोवार गर्ने गरेको तथ्य प्रमाणबाट पुष्टि गर्नुपर्ने दायित्वबाट अभियोजन पक्ष निरपेक्ष रहन नमिल्ने ।

बरामद भई आएको पदार्थलाई प्रतिवादीले अवैध लागू औषध भनी बिक्री वितरण गर्ने वा सोको कारोवार गर्ने गरेको भनी बिना प्रमाण अनुमान गर्न नसकिने हुँदा प्रतिवादी जमीर मियाँले अभियोग दावीबाट सफाइ पाउने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६८-WH-००५८, बन्दीप्रत्यक्षीकरण, *हर्कराज पन्तको हकमा कृष्णबहादुर पन्त वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सशस्त्र प्रहरी विशेष अदालतले विशेष अदालत ऐनअन्तर्गतको कार्यविधि अपनाई सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ अन्तर्गतको कसूरसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्नसक्ने र सो क्रममा विशेष अदालत ऐन बाहेक जिल्ला अदालतलाई भए सरह अधिकार प्रयोग गर्न र अन्य कार्यविधिको अनुशरण गर्न समेत सक्ने देखिन आउँछ । तसर्थ निवेदकउपर सशस्त्र प्रहरी विशेष अदालतले गरेको थुनछेक आदेशमा अ.बं. ११८(२) नं. को कुरा प्रासंगिक रूपमा उल्लेख गरिएकोलाई अन्यथा मानी त्यसको वैधतामा प्रश्न उठ्ने र त्यसबारे विचार गरिरहन नपर्ने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६७-WO-०१०२, उत्प्रेषणयुक्त परमादेश, *जर्मनमा दर्ता रहको डेविडाग भन्ने* DYWIDAG International GMBH *कम्पनी, स्पेनमा दर्ता भएको ड्रागाडोस भन्ने* DRAGADOS Obras Y Proyectroc S.A. *कम्पनी र चीनमा दर्ता भएको सि..डब्लू.ई. भन्ने* China International Water and Electric Corporation *को संयुक्त करारीय स्वरूप डि.सि.सि. जे.भी. भन्ने डेबिडाग ड्रागाडोस सि.डब्लु.ई. ज्वाइन्ट भेन्चरको तर्फबाट अन्स्र्ट स्मिड वि. ठूला करदाता कार्यालय, ललितपुर समेत*

वैकल्पिक उपचारको सिद्धान्त रिट क्षेत्राधिकारका सम्बन्धमा लागू हुने सिद्धान्त हो । कुनै हकअधिकार हनन् भएको स्थितिमा सो उपचारको लागि कानूनमा वैकल्पिक व्यवस्था भएसम्म सो अवलम्बन नगरी रिटको क्षेत्राधिकार आकर्षित हुँदैन भन्ने हो । कसैको कानूनप्रदत्त हक अधिकारमा आघात पुग्दछ भने सोही कानूनमा व्यवस्थित उपचार अवलम्बन गर्नुपर्दछ भन्ने मान्यतामा वैकल्पिक उपचारको सिद्धान्त (Doctrine of Alternative Remedy) मा आधारित हुने ।

निवेदकले कानूनबमोजिम पुनरावेदन गरी उपचार पाउन सक्ने हक सुरक्षित गरिरहेकोमा सोको

प्रयोग गरेको देखिँदैन । निवेदकको मागबमोजिम यस अदालतले आफ्नो असाधारण अधिकार प्रयोग गरी कानूनद्वारा अधिकारयुक्त पुनरावेदकीय निकाय आन्तरिक राजश्व विभाग र राजश्व न्यायाधिकरणको ठाउँ लिने वा सो निकायको अधिकार प्रतिसंहरित गरी कारवाहीको प्रक्रिया नै निरर्थक तुल्याउने गरी हस्तक्षेप गर्नु उचित र तर्कसंगत नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

■ यसै प्रकृतिको २०६२-WO-२५५६, उत्प्रेषणयुक्त परमादेश, *जर्मनमा दर्ता रहको डेविडाग भन्ने* DYWIDAG International GMBH *कम्पनी, स्पेनमा दर्ता भएको ड्रागाडोस भन्ने* DRAGADOS Obras Y Proyectroc S.A. *कम्पनी र चीनमा दर्ता भएको सि..डब्लु. ई. भन्ने* China International Water and Electric Corporation *को संयुक्त करारीय स्वरूप डि.सि.सि. जे.भी. भन्ने डेबिडाग ड्रागाडोस सि.डब्लु.ई. ज्वाइन्ट भेन्चरको तर्फबाट ऐ.का अधिकारप्राप्त प्रतिनिधि लोथर रूइक वि ठूला करदाता कार्यालय, काठमाडौं समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६७-WO-०११५, उत्प्रेषणयुक्त परमादेश, *जर्मनमा दर्ता रहको डेविडाग भन्ने* DYWIDAG International GMBH *कम्पनी, स्पेनमा दर्ता भएको ड्रागाडोस भन्ने* DRAGADOS Obras Y Proyectroc S.A. *कम्पनी र चीनमा दर्ता भएको सि..डब्ल ई. भन्ने* China International Water and Electric Corporation *को संयुक्त करारीय स्वरूप डि.सि.सि. जे.भी. भन्ने डेबिडाग ड्रागाडोस सि.डब्लु.ई. ज्वाइन्ट भेन्चरको तर्फबाट अर्न्स्ट स्मिड वि ठूला करदाता कार्यालय, ललितपुर समेत*

निवेदकले कर छुटको माग गरेको विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको निर्णयानुसार कर छूट दिइसकेको अवस्थामा निवेदन दावीको औचित्य नै समाप्त भैसकेको अवस्थामा मुद्दाको तथ्यमा प्रवेश गरी विवेचना गर्नुपर्ने नहुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रि.नं. ०६७-WO-००१५, उत्प्रेषणयुक्त परमादेश समेत, *कल्याण नेपाली पौडेल वि.नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

यी निवेदक कल्याण नेपालीले विपक्षी बैंकबाट अवकाशबापत पाउनुपर्ने सुविधा बापतको रकममा निजको छोरा पवन नेपालीले लिएको ऋणको भुक्तानीबापत रू.३,००,०००।- (तीन लाख) सम्म कटाउन लिखित रूपमा मञ्जूर गरेको देखिएकोले सो हदसम्म मात्र यी निवेदक कल्याण नेपालीले अवकाशपश्चात् विपक्षी बैंकबाट पाउनु पर्ने रकमबाट कट्टा गर्न पाउने गरी यसै लगाउको उल्लिखित रि.नं. ०३८१ मा निर्णय भएको हुँदा प्रस्तुत विवादमा पनि सो बाहेक यी निवेदकले अवकाशपश्चात् पाउनु पर्ने अन्य सुविधा रोक्का गर्न मिल्ने नदेखिँदा यी निवेदक कर्मचारी कल्याण नेपालीले अवकाशपश्चात् विपक्षी बैंकबाट निवृत्तिभरणलगायतका सुविधा पाउनु पर्ने नपर्ने सम्बन्धमा कानूनबमोजिमको निर्णय यथाशक्य चाँडो गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल पुस २४ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रि.नं. ०६६-WO-०३८१, उत्प्रेषण समेत, *नेपाल बैंक लिमिटेड, प्रधान कार्यालयको तर्फबाट अख्तियारप्राप्त व्यवस्थापन समूहका संयोजक डा. विनोद आत्रेय समेत वि. कल्याण नेपाली समेत*

प्रस्तुत विवादको लगाउको रि.नं. ०६७-WO-००१५, निवेदक कल्याण नेपाली विपक्षी नेपाल बैंक लिमिटेड समेत भएको परमादेश समेतको मुद्दाको मिसिल संलग्न कागजात हेर्दा कल्याण नेपालीले प्रस्तुत ऋण बापत जम्मा रू. ३,००,०००।- (तीन लाख) मात्र निजले अवकाशपछि पाउने रकमबाट कट्टा गर्न २०६३।१२।१९ मा मञ्जूरीसम्म

दिएको देखिन्छ । उक्त मञ्जूरीलाई यी विपक्षी कल्याण नेपालीले अन्यथा भन्न गराउन सकेको देखिँदैन । यसरी निवेदक बैंकले ऋणी पवन नेपालीलाई ऋण प्रवाह गर्दा यी विपक्षी कल्याण नेपालीको मञ्जूरी वा जमानत नलिएको र निज कल्याण नेपालीले रू. ३,००,०००।- (तीन लाख) सम्म मात्र उक्त ऋणबापत कटाउन मञ्जूरी लिएको अवस्थामा सो बाहेक कुनै कानूनी आधार बिना निजले लामो समयसम्म सेवा गरी अवकाशपश्चात् पाउने सम्पूर्ण सुविधा रोक्का राख्ने कार्यलाई न्यायोचित र विवेकसम्मत् मान्न नमिल्ने हुँदा निज कल्याण नेपालीले निवेदक बैंकबाट पाउनुपर्ने सुविधा दिने सम्बन्धमा विपक्षी श्रम कार्यालयबाट भएको निर्णय सदर गर्ने गरेको श्रम अदालतको मिति २०६४।२।४ को फैसलामा कानूनी त्रुटिको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल पुस २४ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-०९७०, उत्प्रेषणयुक्त परमादेश, *कैलाशचन्द्र गोयलको वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

नेपाल सरकारका नाउँमा दर्ताको निर्णय मालपोत कार्यालयले गरेकोमा यसलाई अधिकारक्षेत्रविहीन निकायले गरेको भन्ने निवेदन दावी कानूनसम्मत् देखिन आएन । निवेदकले दर्ता बदरका लागि माग गरेको विवादित जग्गा साविक धोवीखोलाले ओगटेको सार्वजनिक जग्गा भई नेपाल सरकारको स्वामित्वको जग्गा हो भन्ने विपक्षीहरूको जिकीर रहेको र उक्त जग्गा कि.नं. १७५ बाट कित्ताकाट भै कायम कि.नं. ३८० नेपाल सरकारको नाममा दर्ता भैसकेको स्थितिमा दर्ता बदर एवं हकबेहकको प्रश्न उपस्थित हुन आएको देखियो । नेपाल सरकारका नाउँमा भएको दर्ता बदर र निवेदकको हक स्वामित्व रहे, नरहेको हक बेहकको प्रश्न उपस्थित विषयमा निर्णय गर्दा मुद्दाको तथ्यभित्र प्रवेश गरी प्रमाण बुझी सोको मूल्याङ्कन र विवेचनाबाट निष्कर्षमा पुग्नुपर्ने हुन्छ । मुद्दामा हकबेहकका विषयमा न्यायिक निरोपण रिट क्षेत्रबाट गर्न नमिल्ने ।

यस अदालतबाट दर्ता बदर एवं हक बेहकको विवाद सिर्जना भएको स्थितिमा प्रमाणहरूको मूल्याङ्कन गरी निर्णय गर्ने साधारण अधिकारक्षेत्रको उपचार मार्गलाई प्रतिकूल प्रभाव पर्ने गरी असाधारण अधिकारक्षेत्र ग्रहण गर्न मिल्ने अवस्था नदेखिने ।

निवेदकलाई दर्ता बदरका लागि साधारण अधिकारक्षेत्रअन्तर्गत उपचार प्राप्त गर्ने वैकल्पिक मार्ग रहेकोमा सोको अवलम्बन नगरी रिट क्षेत्रमा आएकोले निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २३ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-WO-१२६५, उत्प्रेषणयुक्त परमादेश, *शान्ति श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग*

नेपाल सरकारका नाउँमा भएको जग्गा दर्ता बदरका लागि शुरू अदालतको साधारण अधिकारक्षेत्र आकृष्ट भै नालिस गर्नुपर्नेमा निवेदकले सो उपचारको मार्ग अवलम्बन नगरी असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रमा आएकोले निवेदकको मागबमोजिम आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

इति संवत् २०६८ साल माघ २३ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६ सालको रि.नं. ०६६-WO-०३०३, उत्प्रेषण परमादेश समेत, *राम उदगार मण्डल धानुक समेत वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय, रानी विराटनगर*

पटक-पटक स्पष्टीकरण सोधी सजाय समेत प्रस्ताव गरी प्रहरी नियमावली, २०४९ को नियम ८८ (ग) र (ज) को कसूरमा ऐ. नियम ८४(ज) बमोजिम भविष्यमा सरकारी नोकरीका लागि सामान्यतः अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने निर्णय गरेको देखिँदा प्राकृतिक न्यायको सिद्धानत विपरीत सजाय गरेको भन्न नमिल्ने ।

सामान्यतः कुनै पनि कर्मचारीलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्नेसम्मको उपल्लो हदको सजाय गर्नु पर्दा निजले नैतिक पतन देखिने वा समाज विरूद्धको गम्भीर प्रकृतिको कसूर अपराध गरेको स्पष्ट आधार र कारण देखिनुपर्ने ।

कानूनले नै विभिन्न आधारहरू तोकी सजाय गर्ने अधिकारीलाई स्वविवेकीय अधिकार दिएको अवस्थामा तोकिएको आधारहरूमध्ये जुनसुकै आधारमा पनि उपल्लो हदको सजाय गर्नुलाई स्वविवेकीय अधिकारको भावना र मर्मसँग मेल खाएको मान्न नसकिने ।

आचरणविपरीतको कसूरसम्म भएकोमा नैतिक पतन देखिने फौजदारी कसूर वा समाज विरूद्धको अपराधमा जस्तो भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरेको उपल्लो हदको सजाय गर्नु न्यायोचित र विवेकसम्मत् नहुने हुँदा पूर्व क्षेत्रीय शसस्त्र प्रहरी गण मुख्यालय रानी विराटनगरको निर्णय र सोलाई सदर गर्ने गरेको पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको निर्णयमा "भविष्यमा सरकारी नोकरीका लागि अयोग्य ठहरिने" भन्ने हदसम्म मिलेको नेखिँदा सो हदसम्म बदर हुने ।

यी रिट निवेदकले प्रहरी नियमावली, २०४९ को नियम ८८ को (ग) र (ज) अनुसारको कसूर गरेको तथ्य स्थापित भएको देखिँदा निवेदकहरू रामउदगार मण्डल धानुक र अशोकुमार भुजेललाई नोकरीबाट हटाउने गरी गरेको विपक्षी पूर्व क्षेत्रीय सशस्त्र प्रहरी गण मुख्यालय रानी विराटनगरको मिति २०६४।७।११ को निर्णय र सोलाई सदर गर्ने गरेको पूर्व क्षेत्रीय प्रहरी कार्यालय रानी विराटनगरको मिति २०६६।४।२६ को निर्णय वेरीतको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः: उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको रि.नं. ०६७-WO-०५९४, उत्प्रेषणयुक्त परमादेश समेत, *भीमबहादुर तामाङ समेत वि. जलस्रोत समितिको कार्यालय, जिल्ला जलस्रोत विकास समिति मन्थली रामेछाप समेत*

तथ्य तथा प्रमाणहरूको आधारमा यी विपक्षीहरूले मुहान दर्ता गराएको वा जिल्ला जलस्रोत समितिले मुहान दर्ता गर्ने गरेको निर्णयलाई कानून प्रतिकूल निर्णय गरेको तथा विपक्षीहरूले यी निवेदकहरूलाई खानेपानीबाट बञ्चित गरेको वा अवरोध पुऱ्याएको मान्न मिल्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

जलस्रोत ऐन, २०५० को दफा ७ ले जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकताकमा राखी सिँचाईलाई दोस्रो प्राथमिकतामा राखेको देखिनुको साथै खानेपानीको अधिकार बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष सम्बन्धित भएको र जलस्रोतको उपयोगसम्बन्धी विवाद रहेको देखिँदा जलस्रोत नियमावली, २०५० को नियम २८ मा जलस्रोतको उपयोगसम्बन्धी विवाद समाधान गर्ने वैकल्पिक कानूनी व्यवस्था गरेको हुँदा प्रस्तुत विवादमा विवादित जलस्रोतको उपयोग सम्बन्धमा उक्त नियम २८ मा भएको कानूनी व्यवस्थाबमोजिम गर्नु भनी विपक्षी जिल्ला विकास समिति रामेछापको नाममा परमादेश सरहको निर्देशात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको फौ.पु.नं. ०६५-CR-०६७१, ०६८९, लागू औषध, *नेपाल सरकार वि. काइला तामाङ, विष्णु के.सी. वि. नेपाल सरकार*

बरामद भएको वस्तुलाई लागू औषध हेरोइन हो भनी बिक्री वितरण गर्ने उद्देश्यले ल्याएका हौं भनी यी पुनरावेदक प्रतिवादी विष्णु के.सी.ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई बरामदी मुचुल्का एवं दशी प्रमाण समेतबाट पुष्टि गरिरहेको अवस्था देखिँदा प्रतिवादीमध्येका विष्णु के.सी.लाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७क अनुसार ७(सात) वर्ष ६, (छ) महिना कैद र रू. २,५०,०००।- (दुई लाख पचास हजार) जरीवाना हुने ।

लागू औषध भनिएको बस्तु ओसारपसार, सञ्चय तथा बिक्री वितरण गरेको अवस्था नदेखिई केवल उक्त कार्य गर्नमा अन्य प्रतिवादीहरूसँग

मतसल्लाहमा सरिक भई मतियारसम्म भएको अवस्था देखिँदा काइला तामाङलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम तामाङलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम ३ (तीन) वर्ष, ९(नौ) महिना कैद र रू. १,२५,०००।- (एकलाख पच्चीस हजार रूपैयाँ) जरीवाना हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल कात्तिक १६ गते रोज ४ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६८-WH-००५७, बन्दीप्रत्यक्षीकरण, *हकमा कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), बन्दी कानूनी सहायता कार्यक्रम कार्यरत् अधिवक्ता तारा खनाल वि. बालसुधार गृह, सानोठिमी भक्तपुर समेत*

निवेदक रोहितकुमार महराको हकमा साधारण चोरी मुद्दामा माग भएको धरौट बुझाउन नसकेको आधारमा पुर्पक्षको लागि बालसुधार गृह, सानोठिमी भक्तपुरमा पठाउने काठमाडौं जिल्ला अदालतको मिति २०६८।९।११ को आदेश त्रुटिपूर्ण देखिई कायम रहन नसक्ने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा बदर भै निवेदकलाई बालसुधार गृहबाट झिकाई मुद्दा पुर्पक्षको लागि साधारण तारिखमा राख्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाउँमा आदेश समेत जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल चैत ३ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ सालको WO-३३९९, उत्प्रेषण, *विजयकुमार सिँह वि. जिल्ला प्रहरी कार्यालय, सल्यान समेत*

निवेदकका नाउँमा तामेल भएको म्यादमा निज हाजिर नभएको र सम्पर्क स्थापित हुन नसकेको आधारमा प्रहरी नियमावलीबमोजिम पर्चा समेत खडा गरी विपक्षी प्रहरी प्रधान कार्यालयबाट अवकाशको निर्णय भएकाले उक्त निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको भन्ने निवेदन दावी मनासिब नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WH-००५३, बन्दीप्रत्यक्षीकरण, *हकमा पूर्णिमा भारती (वैद्य) वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

प्रतिवादी शम्भु भारती केही सार्वजनिक अपराध र सजाय ऐन, २०२७ अन्तर्गतको मुद्दाको अनुसन्धानको सिलसिलामा २०६८।१०।४ मा पक्राउ गरिएकोमा अभियोग समेत पेश भै जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट २०६८।१०।८ मा साधारण तारिखमा छुट्ने गरी आदेश भएको भन्ने लिखित जवाफ रहेको देखियो । जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट प्राप्त सक्कल सार्वजनिक अपराध मुद्दाको फायल हेर्दा पनि निवेदक शम्भु भारती २०६८।१०।८ मा छुटिसकेको देखिँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदनको सम्बन्धमा थप कारवाही अगाडि बढाउनु पर्ने नदेखिँदा निवेदन तामेलीमा राखी दिने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम् ।

१३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०२४९, उत्प्रेषणयुक्त परमादेश, *शर्मिष्ठा सिँह वि. बाबुराम रिजाल समेत*

सामान्य कानूनअनुसार उपचार पाउन सकिने विषयका सम्बन्धमा अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचारको लागि आउन सकिँदैन, यो रिटको सामान्य सिद्धान्त पनि हो । प्रस्तुत विवादमा धनगढी नगर विकास समितिले विवादको जग्गा विपक्षी बाबुराम रिजाल समेतका नाउँमा दर्ता हुने गरी गरेको निर्णय बदरका लागि रिट निवेदकले कैलाली जिल्ला अदालतमा फिराद दायर गरी मुद्दा विचाराधीन रहेको अवस्थामा कानूनबमोजिम बुझ्नुपर्ने प्रमाणहरू बुझी

विवादित जग्गाका सम्बन्धमा सोही अदालतबाट निर्णय भै उपचार पाउने देखिन्छ। अदालतमा साधारण अधिकारक्षेत्र अनुरूप कारवाही चलिरहेकोमा असाधारण अधिकारक्षेत्र अन्तर्गतको उपचारको माग गरी दायर प्रस्तुत रिट निवेदनको औचित्यता समेत देखिन नआउँदा खारेज हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल चैत १ गते रोज ४ शुभम्।

१४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट नं. WO-०७७९, उत्प्रेषण परमादेश समेत, *गीतादेवी पोखरेल वि. मालपोत कार्यालय, सुनसरी समेत*

मालपोत कार्यालय, सुनसरीको मिति २०६४।१।१२ को निर्णय र पत्रद्वारा जग्गा रोक्का राख्ने गरी भएको विपक्षीहरूको कामकारवाही कानूनले दिएको अधिकारक्षेत्रभन्दा बाहिर गई भएको देखिनुका साथै प्राकृतिक न्यायका सिद्धान्त समेतको प्रतिकूल देखिएको र त्यसबाट निवेदकको संविधान तथा कानूनप्रदत्त साम्पत्तिक अधिकारमा अनुचित रूपमा बन्देज लाग्न गएको देखिन आएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने। साथै निवेदकका नाममा दर्ता रहेको कि.न.. १५७२ र १५७३ का २ कित्ता जग्गाहरू फुकुवा गरी दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश समेत जारी हुने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल पुस १२ गते रोज ३ शुभम्।

१५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६३ WO-०८०९, उत्प्रेषण, *ब्यासप्रसाद कानू वि. अञ्चल प्रहरी कार्यालय, काठमाडौं समेत*

सेवाबाट अवकाश दिँदा प्रहरी नियमावलीको नियम ८९ बमोजिम कारवाही गर्न लागिएको कारण खोली आरोप समेत किटान गरी निवेदकलाई स्पष्टीकरण सोधी सफाइ पेश गर्ने मौका प्रदान गरिएको भन्ने कारवाहीसम्बन्धी मिसिलबाट नदेखिनुको साथै विपक्षीहरूको लिखित जवाफ पनि नदेखिँदा प्रहरी नियमावलीद्वारा निर्दिष्ट सजायको कारवाहीसम्बन्धी प्रक्रियाको अवलम्बन विपक्षीले गरेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर भई निवेदकलाई पूर्ववत सेवामा पुनर्बहाली गर्नु भनी परमादेश समेत जारी हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम्।

१६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६२ सालको WO-२९९३, उत्प्रेषण, *विजयकुमार कालिराज वि. गृह मन्त्रालय समेत*

सेवाबाट अवकाश दिँदा प्रहरी नियमावलीको नियम ८९ बमोजिम कारवाही गर्न लागिएको कारण खोली आरोप समेत किटान गरी निवेदकलाई स्पष्टीकरण सोधी सफाइ पेश गर्ने मौका प्रदान गरिएको भन्ने कारवाहीसम्बन्धी मिसिलबाट नदेखिनुको साथै विपक्षीहरूको लिखित जवाफ पनि नदेखिँदा प्रहरी नियमावलीद्वारा निर्दिष्ट सजायको कारवाहीसम्बन्धी प्रक्रियाको अवलम्बन विपक्षीले गरेको नदेखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने। साथै निवेदकलाई पूर्ववतः सेवामा पुनर्वहाली गर्नु भनी परमादेश समेत जारी हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २२ गते रोज १ शुभम्।

१७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६४ सालको CI-०७३३, परमादेश, *गीतादेवी पोखरेल वि. मालपोत कार्यालय, सुनसरी समेत*

पुनरावेदन अदालतलाई आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानूनप्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनका लागि आवश्यकताअनुसार बन्दीप्रत्यक्षीकरण, परमादेश वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार प्रदान गरेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम आफ्नो प्रादेशिक अधिकारक्षेत्रभित्र नपर्ने निकाय वा अधिकारीका नाममा निवेदन मागबमोजिमको

आदेश जारी गर्ने अधिकार पुनरावेदन अदालतलाई भएको पाइँदैन । निवेदकले मुख्य रूपमा महानगरीय प्रहरीवृत्त कालीमाटीको प्रहरी सञ्चारको आधारमा रोक्का रहेको जग्गा फुकुवा गरिपाऊँ भनी परमादेशको माग गरेको देखिन्छ । तर उक्त महानगरीय प्रहरी वृत्त कालीमाटी पुनरावेदन अदालत, विराटनगरको प्रादेशिक क्षेत्राधिकारभित्र नपर्ने भएकोले सोही आधारमा निवेदन खारेज हुने ।

महानगरीय प्रहरीवृत्त कालीमाटी काठमाडौंको प्रहरी सञ्चारको आधारमा मालपोत कार्यालय, सुनसरीले रोक्का राखेको जग्गा फुकुवा सम्बन्धमा परेको निवेदन क्षेत्राधिकारको अभावमा खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल पुस २२ गते रोज ३ शुभम् ।

१८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RC-००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अन्तिम गिरी भन्ने टिकाराम दर्जी*

प्रतिवादीले एउटै कोठामा बस्ने साथीलाई घाइते बनाइसकेपछि उपचारको प्रयास गरेको वा सोको लागि अरू कसैको सहयोग मागेको अवस्था समेत नदेखिएकोले यसरी विभत्स ढंगबाट भएको जघन्य र पासविक कृत्यलाई नशाको सुरमा गरेको भनेर सजायमा छूट दिनु न्यायोचित नहुने भएकोले निज प्रतिवादी अन्तिम गिरी भन्ने टिकाराम दर्जीलाई अभियोग मागदावीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसूरमा ऐ. महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

१९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RC-००२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि.यमबहादुर पुन*

स्वतन्त्र प्रमाणहरूले जाहेरवालाको जाहेरी दरखास्त एवं प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतसमक्ष समेतमा मृतक नौली पुनलाई कर्तव्य गरी मारेको भनी गरेको साविती बयान समर्थित भएको देखिन आएकोले मृतक नौली पुनलाई प्रतिवादी यमबहादुर पुनले कर्तव्य गरी मारेको तथ्य शंकारहित रूपमा पुष्टि भएको हुँदा ज्यानसम्बन्धी महलको १३ (१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृत कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

२०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RC-००३०, कर्तव्य ज्यान, *नेपाल सरकार वि.शर्मीला राई*

प्रतिवादी शर्मीला राईले अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष कसूर स्वीकार गरेको साविती बयान, मिसिल संलग्न जाहेरी दरखास्त, Autopsy Report तथा बुझिएका व्यक्तिहरूको कागज समेतका स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएको देखिन आयो । यसबाट अभियुक्त शर्मीला राईले किरण राईसँगको अवैध सम्पर्कबाट २०६६।४।२२ मा जन्माएको छोरी जातको नवजात बच्चाको घाँटी थिची हत्या गरेको भन्ने तथ्यमा शंका गर्नुपर्ने अवस्था देखिन नआउने ।

प्रतिवादी शर्मीला राईले आफूले जन्माएको जीवित बच्चालाई घाँटी थिची मारेको शंकारहित रूपमा पुष्टि हुन आएको हुँदा निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) अनुसारको कसूर अपराध गरेको ठहर्ने ।

पेशेवर अपराधीले सोची सम्झी आपराधिक मनसाय पूरा गर्न घटाएको अपराध नभई सामाजिक, आर्थिक रूपले पछाडि परेको कारण आफूले धारण गरेको गर्भ कानूनले तोकेको समय सीमाभित्र कानूनबमोजिम फाल्न सकिने अवस्था हुँदाहुँदै त्यस्तो सुविधाको उपयोग गर्न नसकी बच्चा जन्माई सामाजिक रूपमा आफ्नो इज्जत जोगाउनु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको महसूस गरी आफैंले जन्माएको बच्चा जन्माउनेबित्तिकै मारी फालेको देखिएकोले निजलाई सर्वश्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखियो । तसर्थ वारदात हुँदाको

अवस्था परिस्थितिलाई विचार गर्दा मुलुकी ऐन अदालती बन्दोबस्तको १८८ नं. बमोजिम न्यूनतम् ५(पाँच) वर्ष कैद गरिएमा पनि सजायको मकसद पूरा हुने देखिएकोले निज प्रतिवादी शर्मीला राईलाई ५ (पाँच) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

२१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-RC-००६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि.खगराज पाण्डे*

अभियुक्त खगेश्वर भन्ने खगराज पाण्डेले अभियोग मागदावीअनुसार ज्यानसम्बन्धी महलको १३ (१) अनुसारको कसूर गरेको तथ्य शंकारहित रूपमा पुष्टि भएको देखिँदा पुनरावेदन अदालत महेन्द्रनगरको फैसला साधक सदर हुने ।

तर थुनामा रहेका प्रतिवादी खगेश्वर भन्ने खगराज पाण्डेको मिति २०६७।५।१० मा मृत्यु भएको भनी कारागार कार्यालय, काभ्रेपलाञ्चोकको मिति २०६८।८।२० च.नं. ३४१ को पत्रबाट लेखी आएको तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको १७६ नं.मा "गैह्र मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मऱ्यो भने सो मर्नेलाई खतबात लाग्दैन" भन्ने कानूनी व्यवस्था रहेकोले प्रतिवादीलाई हुने सजायको सम्बन्धमा केही बोली रहन नपर्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

२२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६६-CI-१०६३, अंशचलन, *कोइलीदेवी यादव समेत वि. सोमनीदेवी यादव*

व्यवहार प्रमाणबाट बण्डा भएकै मानिने आधार सबै मुद्दामा एकै प्रकृतिको हुदैनन् । प्रत्येक अंश मुद्दाका आ-आफ्ना प्रकृति हुन्छन् र तिनमा तथ्यको आफ्नै शृङ्खला हुन्छ । वास्तवमा अंशबण्डाको ३० नं. को प्रयोग र प्रयोजनको लागि विवादको स्वरूप सम्पत्तिको प्रकृति एवं वादी प्रतिवादीहरूको व्यवहार नै निर्धारक तत्व हुन् । यस कानूनले व्यवहार प्रमाणबाट बण्डा भएको मानिने सुनिश्चित आधार नदिई केवल केही निर्णायक तत्वहरूको परिधि तोकिदिएको छ । यही परिधिको सीमाभित्र रही प्रत्येक मुद्दाको वस्तुस्थिति र सबूद प्रमाणको मूल्याङ्कनको आधारमा न्यायिक निष्कर्षमा पुग्न पर्ने हुन्छ । बण्डा हुनुपर्ने सम्पत्तिको न्यायोचित विभाजन भएको र यसलाई आफ्नो आचरणद्वारा अहिले अंश माग गर्ने पक्ष समेतले स्वीकारेको देखिनु नै व्यवहार प्रमाणबाट अंशबण्डा भइसकेको न्यायिक निचोड निकाल्ने पर्याप्त आधार हो । आचरणबाट बण्डा भएको कुरा अंशियारले स्वीकार्ने माध्यम लिखत, आपसी व्यवहार, आपसी कारोवार, अलग-अलग वासस्थान र समयको अस्वाभाविक अन्तराल हुन् । यी तत्वमध्ये एक वा एकभन्दा बढी अवस्थाको विद्यमानताले अंशबण्डाको ३० नं. को आवश्यकता पूरा गर्ने ।

एउटा पक्षको व्यवहारमा अर्को पक्षले न कहिल्यै अवरोध गरेको छ, न चुनौती दिएको छ न त सहमतिको आवश्यकता महसूस नै गरिएको छ । यसरी आ-आफ्नो नाउँमा जग्गा प्राप्त गरेको र ती जग्गाहरू स्वतन्त्र रूपबाट बिक्री वितरण भोगचलन गरेको समेत तथ्यलाई अंशबण्डाको ३० नं. को प्रयोजनका लागि व्यवहार प्रमाणबाट अलग भिन्न भएको मान्नुपर्ने ।

वादी र प्रतिवादीबीचका पूर्व व्यवहारहरूको मूल्याङ्कन गर्दा लामो समयको अन्तरालपश्चात् मात्र अंशबण्डाको दावी रहेको विषय अस्वाभाविक देखिन आउँछ । वादी प्रतिवादीहरूको अलग-अलग वासस्थान, समयको अस्वाभाविक अन्तराल, लामो समयदेखि आ-आफ्नो व्यवहार गरी बसी सम्पत्ति भोगचलन गरिआएको स्थिति समेतबाट अंशबण्डाको लिखित पारीत नभए तापनि व्यवहार प्रमाणबाट बण्डा भएको पुष्टि भई अंशबण्डाको ३० नं. को आवश्यकता पूरा गर्दछ । प्रस्तुत मुद्दामा उल्लिखित आधारहहरूबाट वादी र प्रतिवादीहरू व्यवहार प्रमाणबाट भिन्न भएको देखिँदा अब अंशबण्डा गर्नु नपर्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २५ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६६-CI-१०६४, अंश भरपाई लिखत बदर, नामसारी निर्णय बदर, दर्ता बदर, दर्ता कायम, *कोइलीदेवी यादव समेत वि. सोमनीदेवी यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. ३**

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की**, २०६२ सालको फौ.पु.नं. ३२४३, कीर्ते, *दयावती यादव समेत वि. अनिलप्रसाल यादव*

विवादित लिखतमा मञ्जूरनामा दिएका भनिएका लिखतमा अन्तरसाक्षी कपलेश्वर यादवको सहीछाप सम्बन्धमा प्रष्ट रूपमा मिले भिडेको देखिन नआएको विशेषज्ञको रायबाट देखियो । सोही रायलाई स्पष्ट पार्दै उक्त लिखत जाँच गर्ने वैज्ञानिक अधिकृत पियूसमान शाक्यले यस अदालतमा आई बकपत्र गर्दा समेत सोही व्यहोरा उल्लेख गरेको देखिन्छ । मिसिल संलग्न उक्त राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट विवादित लिखत जाँचका सम्बन्धमा प्राप्त उक्त विशेषज्ञको रायबाट समेत प्रतिवादी पक्षले कीर्ते गरेको कुरालाई समर्थन हुने गरी वि-१ न.नं. १ सँग मिले भिडेको भन्ने समेत उल्लेख भएको र उक्त लिखत साक्षीमा बसेका भनी प्रतिवादीले दावी गरेका कपलेश्वर यादको ल्याप्चे छापका सम्बन्धमा प्रष्ट नभएको अवस्था समेत उक्त प्रतिवेदनबाट देखिएको यस्तो अवस्था हुँदा वादीको हक मेट्ने गरी पुनरावेदक प्रतिवादीहरूले मिति २०५३।११।१४ को लिखत खडा गरी रजिष्ट्रेशन पारीत गर्ने गरी भएको कार्य कीर्ते कागजको ७ नं. विपरीतको कसूर गरेको हुँदन ' सोहीबमोजिमको बिगो तथा बिगोबमोजिमको जरीवाना हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

इति संवत् २०६८ साल पुस १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CR-०४१०, ०४७०, जवर्जस्ती करणी, *सनवर आलम भन्ने सनोवर अलि मुसलमान वि. नेपाल सरकार, नेपाल सरकार वि. सनवर आलम भन्ने सनोवर अलि मुसलमान*

मौकाको कागजबाट तथा सम्पूर्ण व्यहोरा उल्लेख गरी पीडितले गरिदिएको कागज समेतबाट प्रतिवादीले अभियोग दावीअनुसार यी पीडित च कुमारीलाई जवर्जस्ती करणी गरेको पुष्टि भएको देखिँदा वारदातमा आफू अन्यत्र भएको भन्ने Alibi को जिकीर अदालतमा आई लिँदैमा सो जिकीरलाई पत्यारलायक मान्न नमिल्ने हुँदा प्रतिवादी सनोवर अली मुसलमानलाई १३ वर्ष कैद सजाय गरेको शुरूको फैसला केही उल्टी गरी प्रतिवादी सनोवर अली मुसलमानलाई १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल माघ ४ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७ सालको CI-०९४८, लिखत दर्ता बदर दर्ता, *रमाशंकर सिँह भूमिहार वि. राजसुन्दर देवीको मु.स. गर्ने सरिता सिँह*

राजीनामा पारीत गरेको मितिबाटै प्रत्यर्थीले थाहा जानकारी पाएको भनी जिकीर गरे पनि प्रत्यर्थी वादीले सोही मितिमा थाहा पाएको भन्ने आधिकारिक रूपले पुष्टि र प्रमाणित हुने कुनै लिखत प्रमाण पेश दाखिला गर्न नसकेको अवस्थामा पुनरावेदक प्रतिवादीले हदम्यादविहीन फिराद खारेज गरिपाऊँ भनी लिएको जिकीरसँग सहमत हुन सकिने अवस्था नदेखिँदा प्रस्तुत वादीको दावी हदम्यादभित्रको नै देखिने ।

अंश मुद्दाको मिलापत्रबाट अंशबापतमा प्राप्त गरेको जग्गामा कानूनबमोजिम हक हस्तान्तरण गरेको अवस्थामा बाहेक कायम रहिरहेको हक समाप्त हुन सक्दैन । आफ्नै हकमा रहेको जग्गा पजनीको २क नं. ले जहिलेसुकै पनि दाखिल खारेज गरी आफ्नो नाममा नामसारी गराई लिन सक्ने कानूनी व्यवस्था रहेको र आफ्ना नाममा नामसारी दा.खा. नगराएको कारणले मात्र हकै नपुग्ने व्यक्तिले नामसारी दा. खा. दर्ता गराई लिन नसक्ने हुँदा वादी दावीबमोजिम लिखत र दर्ता समेत बदर हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७ सालको CI-०९४९, लिखत दर्ता बदर दर्ता, *रमाशंकर भूमिहार वि. मु.स. गर्ने सरीता सिँह*

अंशबापत मिलापत्रबाट प्राप्त गरेको जग्गा जग्गा पजनीको २क नं. ले जहिलेसुकै पनि दस्तूर तिरी आफ्ना नाममा नामसारी दर्ता गराउन सक्ने र एकपटक अंश मुद्दाको मिलापत्रबाट अंश लिनुदिनु गरिसकेको सम्पत्तिमा फैसला वा मिलापत्र भएपछि सोबमोजिम प्राप्त सम्पत्ति कसैले नामसारी वा हक हस्तान्तरण गरेमा त्यस्तो हक हस्तान्तरण वा नामसारी निवेदनबाटै स्वतः खारेज हुने भन्ने जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क मा व्यवस्था समेत गरेको देखिँदा सर्वोच्च अदालतमा भएको मिलापत्रबाट प्राप्त प्रस्तुत विवादित जग्गा पुनरावेदक प्रतिवादीको ठहर गर्दा न्यायिक मूल्य र मान्यता समेत परास्त हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल असार २४ गते रोज ६ शुभम् ।

- यसै लगाउको ०६७-CI-०९५०, नामसारी निर्णय दर्ता बदर, *रमाशंकर सिँह भूमिहार वि. मु.स. गर्ने सरीता सिँह* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०६४९, उत्प्रेषण परमादेश, *राजेन्द्रकुमार के.सी. वि. सामान्य प्रशासन मन्त्रालय समेत*

अघिल्लो सूचनाबमोजिमको बढुवामा विवाद भई सो सिलसिलामा भएको आदेशबमोजिम बढुवाको लागि उजूर नगरी पछिल्लो सूचनाबाट बढुवा पाइसकेकाले पनि पुनः मूल्याङ्कन गरी बढुवा पाउनु पर्छ भन्न कानून र न्यायमा आधारित नहुने ।

निवेदकहरूले दावी लिएको बढुवा सूचना नं. ०६१।०६४-०६५ नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह रा.प. द्वितीय श्रेणीका पदका सम्बन्धमा बढुवा समितिको बैठकले मिति २०६६।९।२३ मा गरेको निर्णय र सो आधारमा प्रकाशित २०६६।९।२४ को बढुवा समितिको सचिवालय, सामान्य प्रशासन मन्त्रालयको सूचनाबाट यी रिट निवेदकहरूका संवैधानिक तथा कानूनी हक अधिकार हनन् गरेको देखिएन । अतः अघि नै बढुवा पाइसकेका व्यक्तिहरूका हकमा मिति २०६६।९।२३ को बढुवा समितिको सचिलालयबाट भएको निर्णयमा विचार गर्नुपर्ने प्रश्न नै नउठ्ने हुनाले समेत निवेदकहरूको मागअनुरूपको आदेश जारी गर्न नमिली रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-WO-०१८०, उत्प्रेषण परमादेश, *अवधकिशोर यादव वि. श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा समेत*

रिट निवेदकको भन्दा बढुवामा सिफारिश भएका विपक्षी भवकृष्ण पौडेल र वीरेन्द्रकुमार मण्डलको प्राप्ताङ्क बढी देखिएको र निवेदकको अङ्क अन्य उम्मेद्वार भन्दा कम हुन आएको देखिएको स्पष्ट हुँदा विपक्षीमध्येका भवकृष्ण पौडेल र वीरेन्द्रकुमार मण्डललाई बढुवा गर्ने गरी भएको बढुवा समितिको सचिवालय धनुषाको मिति २०६५।१।३० को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी पुनरावेदन अदालत जनकपुरका रजिष्ट्रारबाट भएको मिति २०६५।४।३० को निर्णय कानूनसम्मत् नै देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल माघ ३ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०८६८, अंश भरपाई लिखत बदर, *वियफी लोनिया वि. विश्वनाथ लोनिया समेत*

वादीको हकमा आघात पुर्‍यउन नै कपटपूर्ण ढंगले अंश भरपाई भएको वादीले प्रमाण पुर्‍याउन नसकेको अवस्थामा लिखत गर्न सक्षम व्यक्तिको

कार्यलाई अन्यथा मान्न सकिँदैन । कम अंश लिई आफ्नो अंशमा आघात परेको भन्ने जिकीरका सम्बन्धमा हेर्दा सत्यनारायण लोनियाले अंश लिई केही जग्गा बिक्री गरिसकेको अवस्था पनि देखिन्छ । जेठाजु र जेठानीको समकक्षी अंशियार नै नभएकी वादीले अंश भरपाई बदर गराउन सक्ने अवस्था कानूनले दिएको समते नदेखिँदा वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल बैशाख ६ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६६-CI-०८६७, अंश नामसारी, *वियफी लोनिया वि. विश्वनाथ लोनिया समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०२८९, उत्प्रेषणयुक्त परमादेश, *सुरेन्द्र थापा वि. गृह मन्त्रालय समेत*

वस्तुतः सफाइको मौका दिनु भनेको प्रहरी कर्मचारीलाई मनोमानी बर्खास्तगीबाट सुरक्षा प्रदान गर्नु हो । यो प्राकृतिक न्यायको सिद्धान्त हो । यसको अभावमा वा यसको विपरीत गरिएको काम कारवाही कानूनसम्मत् र न्यायपूर्ण नहुने ।

यी रिट निवेदक मिति २०५८।११।६ गते आफ्नो Duty Station छोडी गएर ठीक पाँच महिनापछि अर्थात् मिति २०५९।४।७ गते जिल्ला प्रहरी कार्यालयमा हाजीर हुन गएको भन्ने रिट निवेदक स्वयंले यस रिट निवेदनमा स्वीकार गरेको देखिन्छ । यस पाँच महिनाको अवधिमा निजले आफ्नो बसोबास वा आफ्नो स्थिति वा परिस्थितिबारे एक पटक पनि आफ्नो कार्यालयमा वा अन्य कुनै प्रहरी कार्यालयमा जानकारी गराएको भन्ने देखिन आउँदैन । यस्तो अवस्थामा निज आफ्नो पदीय जिम्मेवारीबाट र आफ्नो कार्यस्थलबाट भागी हिँडेको भनी सहजै र स्वाभाविक अनुमान गर्न सकिने ।

आफू ५-५ महिनासम्म कुनै स्वीकृत बिदा बेगर आफूखुशी Duty Station छोडी हिड्नु र सकभर सम्पर्कमा नआउनु तर अख्तियारवालाले विभागीय कारवाही गर्नुपर्दा निजको तत्काल बस्ने ठेगाना खोजी पत्ता लगाई कानूनबमोजिमको सूचना म्याद जारी गर्नु, तामेल गर्नु भन्ने अपेक्षा राख्नु उचित देखिँदैन । निजको अदृश्य ठेगाना खोजी गर्दै निजलाई सफाइको मौका दिन कानूनले बाध्य पारेको छैन र त्यसो गर्नु व्यवहारिक एवं उचित पनि नहुने ।

यसरी २४ घण्टा नागरिकको जीऊ ज्यान र समाजको शान्ति सुरक्षाको कार्यमा खटिनु पर्ने प्रहरी सेवाजस्तो संवेदनशील क्षेत्रमा कार्यरत् प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी अधिकारीले आफ्नो कर्तव्यको वास्ता नगरी, पदीय दायित्व पूरा नगरी गम्भीर लापरवाहीयुक्त काम गर्ने तर आफ्नो अधिकारको खोजी मात्र गर्नेलाई कानून र यस अदालतले मद्दत गर्न सक्ने देखिँदैन । आफ्नो अधिकारको खोजी गर्नेले आफ्नो कर्तव्य पनि पूरा गर्नुपर्छ र अधिकार एवं कर्तव्यको अन्तर्सम्बद्धतालाई स्वीकार गर्नुपर्दछ । कर्तव्य नगर्ने तर अधिकार मात्र खोज्नेले सो अधिकार प्राप्त गर्न सक्दैन । प्रहरी कर्मचारीले आफ्नो पेशासँग सम्बन्धित अनुशासन र आचरणको जानकारी दिनु समान्य समझको कुरा हो । अनुशासनसम्बन्धी कारवाही गर्ने अधिकारी वा निकायले सफाइ पेश गर्ने मौका प्रदान गरेन भनी जिकीर लिने व्यक्तिले लामो समयसम्मको अनुपस्थितिबाट हुन सक्ने परिणामको जानकारी राख्नु पर्दछ र कानूनी कर्तव्य पालन नगर्नेले कानूनबमोजिमको परिणाम स्वीकार गर्नुपर्ने ।

कानूनबमोजिम भएको कारवाहीबाट निवेदकलाई नोकरीबाट हटाइएको मिति २०५९।३।११ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी मिति २०६२।२।१९ गतेको पुनरावेदन निर्णय कानूनी त्रुटिपूर्ण रहेको वा त्यसबाट यी निवेदकको संवैधानिक वा कानूनी हकमाथि आघात परेको समेत देखिन नआउने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर २७ गते रोज ३ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् ।

- २०६३ सालको रिट नं. ००५१, उत्प्रेषणयुक्त परमादेश, *शमशुल हक राई वि.प्रहरी उपरीक्षक क्षेत्रीय प्रहरी कार्यालय, भेरी समेत*
- २०६३ सालको रिट नं. ०३५७२, उत्प्रेषण परमादेश समेत, *हरि सिँह वि.क्षेत्रीय प्रहरी इकाई कार्यालय, राजविराज समेत*

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०३६२, उत्प्रेषणमिश्रित परमादेश, *पोखरा उ.न.पा. वडा नं. ११, फूलबारी स्थित मनिपाल एडुकेशन एण्ड मेडिकल ग्रुप (नेपाल) प्राइभेट लिमिटेडको तर्फबाट ऐ.को अधिकारप्राप्त वित्तीय प्रवन्धक परितोष सहगल वि. आन्तरिक राजश्व कार्यालय, पोखरा समेत*

संविधान र कानूनप्रदत्त हक अधिकारउपर सार्वजनिक निकाय वा पदाधिकारीको निर्णय वा कामकारवाहीबाट आघात पर्न गएको अवस्थामा सो हकको प्रचलनको लागि वैकल्पिक उपचारको व्यवस्था नभएको वा वैकल्पिक उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा मात्र सो हकको प्रचलनको लागि यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत निवेदन दिन पाउने र सोउपचारको व्यवस्था हुँदाहुँदै निवेदकबाट सो मार्ग अवलम्बन नगरी पर्न आएको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल भदौ ११ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको WO-०८१७, उत्प्रेषण समेत, *नन्दन घ्यु एण्ड आयल इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट ऐ. को अधिकारप्राप्त सञ्चालक अध्यक्ष कमलकुमार बेगानी वि. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय समेत*

भन्सार महसूल फिर्ता पाउने सुविधा निरपेक्ष रूपमा कुनै उद्योगको नाममा निर्यात भएको वस्तुमा दिइएको सुविधा नभई निर्यातकर्ता उद्योग आफैले उत्पादन गरेका वस्तु निर्यात गरेको अवस्थामा यस्तो वस्तु उत्पादन गर्दा प्रयोग हुने कच्चा पदार्थ वा प्याकिङ म्याटेरियल आयात गर्दा भुक्तानी गरेको भन्सार महसूल लगायत अन्य शुल्कहरूको रकम फिर्ता पाउने अधिकार त्यस्ता उद्योगहरूलाई मात्र प्रत्याभूति गरेको भन्ने कुरा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ र १५(प) मा गरिएको व्यवस्थाको समग्र उद्देश्य र प्रयोग भएको शब्दहरूबाट स्पष्ट भएको देखिने ।

निर्यात गरेका वस्तुमा प्रयोग भएको वस्तुको कच्चा पदार्थ तथा प्याकिङ म्याटेरियलमा तिरेको भन्सार महसूल फिर्ता लिन चाहने उद्योगले निर्यात गरेको वस्तु उत्पादन गर्ने क्षमता आफूमा छ भन्ने कुरा पनि शंकारहित ढंगले प्रमाणित गर्न सक्नुपर्ने ।

वास्तविक परिमाणको (मुनासिब माफिकको जर्ती कटाई हुन आउने) कच्चा पदार्थ तथा प्याकेजिङ म्याटेरियलको आयातमा तिरेको भन्सार शुल्क वा कर फिर्ता पाउने भन्ने कुरा मात्र न्यायिक अनुमानको विषय हुन सक्ने । औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५(प) अनुसार कच्चा पदार्थको आयातमा तिरेको भन्सार महसूल वा अन्य शुल्क फिर्ता लिन पाउने अधिकार केवल निर्यातमूलक उद्योगलाई मात्र दिइएको हुँदा यस्तो अधिकारको प्रयोग र उद्योगको दर्ता प्रमाणपत्रमा उल्लिखित उत्पादन क्षमताबीच तार्किक सम्बन्ध रहने ।

ऐनको दफा १५(प) अनुसार भन्सार महसूललगायतका शुल्क फिर्ता पाउने अधिकार स्वतः प्राप्त हुने नभई यसको लागि उद्योग विभागमा रहेको अभिलेख र तथ्याङ्कको आधारमा उद्योग विभागको स्वीकृति आवश्यक पर्ने ।

निकासी गरेको परिमाणको आधारमा भन्सार महसूल फिर्ता नदिई उत्पादन क्षमतासम्मको मात्र भन्सार महसूल फिर्ता गर्ने गरी भएको विपक्षी उद्योग विभागको कामकारवाहीहरू ऐनको दफा १५ को समग्र व्यवस्थाको भावना तथा दफा १५(प) अनुकूल नै भए गरेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल भदौ ११ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६४ सालको WO-०८३२, उत्प्रेषण समेत *नन्दन घ्यु एण्ड आयल इण्डष्ट्रिज प्रा.लि. को तर्फबाट ऐ. को अधिकारप्राप्त सञ्चालक अध्यक्ष कमलकुमार बेगानी वि. उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७-WO-०८१८, उत्प्रेषण परमादेश, *रामजी महतो कोइरी वि. नारायण महतो कोइरी समेत*

फैसला कार्यान्वयनको कार्य गर्दा फैसलामा उल्लेख भएबमोजिम कार्यान्वयन गर्नुपर्ने कुरा यकीन गरी फैसलाको कार्यान्वयन गरिनु पर्दछ । त्यसो नगरी यस अदालतबाट अन्तिम भइरहेको फैसलामा उल्लिखित नक्सा मुचुल्काको जग्गामा चलन चलाई फैसला कार्यान्वयन गरिनुपर्नेमा त्यसो नगरी बदर भैसकेको मिति २०६२।२।१९ गतेको नक्सा मुचुल्काको आधारमा चलन चलाउने भनी पुनरावेदन अदालतबाट आदेश भएकोले सो आदेश प्रत्यक्ष कानूनी त्रुटिपूर्ण र यस अदालतको फैसला विपरीत भएको देखिन आउँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब यस अदालतको मिति २०६५।१२।१६ को फैसलाबमोजिम चलन चलाउने कामकारवाही गर्नु भनी विपक्षी सर्लाही जिल्ला अदालतका नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल माघ २० गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०६००, उत्प्रेषणयुक्त परमादेश समेत, *सुगन्धीदेवी यादव वि. फेकन राय यादव समेत*

विपक्षी फेकन रायले अदालतको फैसलाबाट पाएको अंशभागको सम्पत्तिबाट अंश मुद्दाभन्दा पछि परेको लेनदेन मुद्दाबाट ठहरेको बिगो भरिभराउ गर्न नमिल्ने देखिएकोले निज फेकन रायको भागको सम्पत्ति रोक्का गरी बिगो भराउनु पर्दछ भन्न प्रचलित कानूनी व्यवस्थाअनुरूप नहुने ।

केवल सगोलमा रहँदा ऋण लिएको भन्ने आधारमा मात्र सगोलको गोश्वाराधनबाट बिगो भराउन नमिल्ने । गोश्वाराधनबाट बिगो भरी भराऊ गर्न प्रचलित कानूनले तोकको पूर्वशर्तहरू पूरा गरेको हुनुपर्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल माघ २० गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको WO-०२१३, उत्प्रेषण, *रामचन्द्र राना समेत वि. ऋण असूली न्यायाधिकरण, कमलपोखरी काठमाडौं समेत*

मूल्याङ्कनको कार्यमा चित्त नबुझे सोही बखत वैकल्पिक मार्ग अवलम्बन गरी त्यस विरूद्ध उजूर गर्नुपर्नेमा सो गरेको अवस्था देखिन्न । ऋण असूली न्यायाधीकरणमा मुद्दा चल्दाका अवस्थामा प्रतिउत्तर समेत लगाई फैसला हुँदासम्म मुद्दाको कारवाहीमा संलग्न रही आफूले व्यहोर्नु पर्ने दायित्व ठहर भएपछिको प्रक्रियामा अनभिज्ञता देखाई आफूलाई थाहा जानकारी नै नदिई मूल्याङ्कनमा सहभागी नै नगराई धितो घर जग्गा मूल्याङ्कन गऱ्यो भनी वस्तुनिष्ठ आधार प्रमाण बेगर ऋण असूली प्रक्रिया कानूनअनुरूप भएन भनी यी निवेदकहरूले भन्न पाउने अवस्था नहुने ।

कानूनसम्मत् तवरबाट बैंक तथा वित्तीय संस्थाको ऋण असूली नियमावली, २०५९ को नियम २९(३) मा भएको व्यवस्थाबमोजिमको कार्यविधि पूरा गरी लिलामी प्रयोजनका लागि मूल्याङ्कन गरी लिलामको बोलपत्र आह्वान गरी भएको लिलामी कार्यमा कुनै कानूनी त्रुटि नदेखिँदा त्यसबाट यी निवेदकहरूको संविधानप्रदत्त मौलिक हक वा कानूनी हकमाथि आघात परेको भन्ने अर्थ गरी ऋण असूली प्रक्रियालाई निष्प्रभावी गर्ने गरी रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पञ्जानी

इति संवत् २०६८ साल मंसिर २ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६७ सालको WO-०२३१, उत्प्रेषण, *परवेश राना वि. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, महेन्द्रनगर समेत*
- २०६७ सालको WO-०२३२, उत्प्रेषण, *परवेश राना वि. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, महेन्द्रनगर समेत*
- २०६७ सालको WO-०२३३, उत्प्रेषण, *सुरज राना वि. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, महेन्द्रनगर समेत*

- २०६७ सालको WO-०२३४, उत्प्रेषण, *सुरज राना वि.राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, महेन्द्रनगर समेत*

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-०१४०, अंश चलन, *सुन्दरीकुमारी श्रेष्ठ समेत वि. राजकुमार श्रेष्ठ समेत*

अंशियारले जन्मसिद्ध अंश पाउने कुरा जन्मसिद्ध हक अधिकार र नैसर्गिक हक भएको हुँदा केवल अंश दिनुपर्ने होइन भन्नुले मात्र पर्याप्त हुँदैन। सो भनाईलाई जिकीर लिने पक्षले ठोस सबूद प्रमाणबाट पुष्टि गर्नुपर्ने हुन्छ। यसकारण वादीहरूले अंश पाइसकेका भन्ने कुराको प्रत्यक्ष एवं ठोस सबूद प्रमाणको अभावमा वादीहरूलाई अंशमा दावी लिने हकदैया नै नभएको हुँदा अंश दिनु नपर्ने भन्न मिल्ने देखिएन। पैतृक सम्पत्तिबाट बण्डा नलिदैका अवस्थामा आफ्नो निजी आर्जनको सम्पत्तिसम्म कुनै अंशियारले आफ्नो अंशियारलाई बण्डा गरिदिन्छ भने त्यस्तो कार्यले मूल पैतृक सम्पत्तिबाट बण्डा पाउने हकमा कुनै प्रतिकूल असर गर्छ भनी मान्न नमिल्ने।

यी वादीहरूका बाबु केदारमान वि.सं. १९९६ सालतिर र रामेश्वरमान २०१२ सालतिर र महेश्वरमान २०२० सालतिर तराई पहाडतिर बसी मानो छुट्टिई आफ्नो व्यवहार गरी आएको र निजहरूले अंश नलिएको भन्ने फिराद पत्र माग दावी रहेको तथ्यलाई यी प्रतिवादीहरूले सप्रमाण खण्डन गर्न सकेको पाइदैन। यसरी अंश नलिई आफ्नो ऋण धन गरी अलग बसी आएकोमा मूल पुरुष अनकमानको नामको सम्पत्ति यी प्रतिवादीका पति/पिता द्वारिकामानले निजका स्व. पिता अनकमानका नामबाट नामसारी गराएको भन्ने आधारमा मात्र निजको एकलौटी हुन सक्ने अवस्था नरहने।

प्रतिवादीहरूले कि.नं. ६४ र कि.नं. १२९ समेतका जग्गाहरू पैतृक सम्पत्ति होइनन् र यी जग्गाहरू मूल पुरुष अनकमानबाट नामसारी गरी आएको होइन भनी कुनै विवाद गरेको पनि देखिँदैन। यसरी केवल एकाको नामको जग्गा अर्को सगोलको अंशियाराका नाममा नामसारी भएको भन्ने आधारमा मात्र अंश जस्तो नैसर्गिक हक अधिकारबाट कसैलाई बञ्चित गर्न नमिल्ने।

प्रमाण ऐन, २०३१ को दफा ६(क) को व्यवस्थाको विपरीत यी विपक्षी वादीहरू अंश लिई भिन्न भइसकेका छन् भन्ने कुराको ठोस प्रमाण गुजारी आफ्नो पुनरावेदन जिकीरलाई यी पुनरावेदक प्रतिवादीहरूले पुष्टि गर्न सकेको पाइँदैन। यसका अलावा अ.बं. १३९ बमोजिम बुझिएका र प्रतिवादी कायम भएका यादव श्रेष्ठ समेतका व्यक्तिहरूले वादी प्रतिवादीहरूका बीचमा अंश नभएको भनी लेखाइदिएको समेत देखिन्छ। यस प्रकार मिसिल संलग्न ठोस प्रमाणबाट यी विपक्षी वादीहरूले अंश प्राप्त गरिसकेको भन्ने प्रमाणित हुन सकेको देखिन नआउने।

मिति २०६३।१०।२१ गते फाँटवारीमा उल्लिखित कि.नं. ६४ को ०-६-० कि.नं. १२९ को ०-८-० क्षेत्रफलका जग्गाहरू र कि.नं. ६४ को जग्गामा बनेका २ वटा घरबाट मात्र जम्मा ४ भाग लगाई त्यसमध्ये वादीहरूका बाबुहरूको भागमा पर्ने २ भाग अंश वादीहरूले यी पुनरावेदक प्रतिवादीहरूबाट छुट्याई लिई चलन समेत चलाई पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत धनकुटाको मिति २०६६।१।२४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल चैत १ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-१२९१, उत्प्रेषणयुक्त प्रतिषेध र परमादेश समेत, *प्रेमशोभा तुलाधर समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिँहदरवार समेत*

जग्गा एकीकरण आयोजनाले यो यसरी वातावरणीय विनास वा ऐतिहासिक र धार्मिकस्थलको बेवास्ता वा अतिक्रमण गरेको भनी निवेदकरूले देखाउन सकेको नपाइने।

अमूर्त ढङ्गले वातावरण संरक्षणको वास्ता दिएर यी निवेदकहरूले आयोजनाकै काममा बाधा, व्यवधान वा अवरोध सिर्जना गर्ने उद्यत रहेको भन्ने देखिन आउँछ, जुन कुरा स्वीकार्य नहुने हुँदा विष्णुमती नदी क्षेत्रलाई अतिक्रमण गरेको वा अन्य वातावरणीय विनाश गर्ने गरी आयोजना सञ्चालन गरेको भन्ने तथ्य स्थापित नहुने।

पटक-पटक एउटै विवादको निरन्तर न्यायिक परीक्षण गराइरहनु र एउटै विवादलाई विभिन्न रूपमा लम्ब्याइरहनुलाई कुनै दृष्टिकोणबाट उचित मान्न नसकिने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल फागुन २ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-०३१७, उत्प्रेषणयुक्त परमादेश, *धनबहादुर खड्का वि. राधा थापा समेत*

अ.बं. ११२ नं. को कानूनी व्यवस्थाअनुरूप निवेदकको ठेगानामा गाउँ शहर टोल उल्लेख नभएकोले घरद्वारको पत्ता नलागी बेपत्ते तामेल भएको र कानूनले निर्दिष्ट गरेअनुरूप साक्षी राखी एकप्रति म्याद सम्बन्धित वडाको वेलासपुर गाउँ टोलको सार्वजनिक ठाउँ चौराहाको पाटीमा टाँस गर्न वडा सचिवले बुझिलिएको भन्ने समेत तामेलदारको प्रतिवेदनबाट देखिएको कानूनअनुरूप भएको उल्लिखित कामकारवाहीबाट निवेदकको कानूनी एवं संवैधानिक हकमा आघात पुगेको अवस्था नहुँदा निवेदक मागबमोजिमको आदेश जारी गर्नु नपर्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल वैशाख महिना ८ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-०९६७, उत्प्रेषणमिश्रित परमादेश, *प्रेमचन्द्र कुशवाहा समेत वि. जिल्ला शिक्षा कार्यालय, बारा, कलैया समेत*

अभिभावकको भेला नगराई विद्यालय व्यवस्थापन समितिको गठनसम्बन्धी अरू प्रक्रिया पूरा नगरी शिक्षा ऐन र नियम विपरीत भएको भनिएको मिति २०६७।९।३ को निर्विरोध निर्वाचन कानूनी त्रुटिपूर्ण रहेकोले सो बदर गर्ने गरी उत्प्रेषणको आदेश जारी हुने । साथै यो आदेश प्राप्त भएको मितिले दुई महिनाभित्र पुनः कानूनबमोजिम विद्यालय व्यवस्थापन समितिको निर्वाचन सम्पन्न गरी विद्यालय व्यवस्थापन समितिको गठन गर्नु गराउनु भनी विपक्षी जिल्ला शिक्षा कार्यालय र नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय, पिपरपाती, पचरौता, बारा तथा सोको प्रधानाध्यापकको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतःनारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत महिना ८ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** मुद्दा नं. ०६७-WO-०६१२, उत्प्रेषण,छठुप्रसाद यादव *समेत वि. जिल्ला शिक्षा कार्यालय, बारा, कलैया*

निवेदकहरू निर्विरोध निर्वाचित भएको भनिएको मिति २०६७।९।३ भन्दा अगावै विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया स्थगित गर्नु भन्ने जिल्ला शिक्षा कार्यालयको निर्देशनलाई सो विद्यालयका प्रधानाध्यापकले चुनौती दिएको देखिएको छैन । त्यसको विपरीत समेत हुने गरी गराइएको भनिएको मिति २०६७।९।३ को निर्विरोध निर्वाचन कानूनविपरीत भएको भन्ने पनि रिट नं. ९६७ मा विवेचना गरिसकिएको छ । यस्तो अवस्थामा नियमावलीको नियम ९४ मा प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारअन्तर्गत प्रधानाध्यापकले जिल्ला शिक्षा कार्यालय तथा व्यवस्थापन समितिले दिएको निर्देशन पालना गर्ने गराउने काम, कर्तव्य र अधिकार भएकोले जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशन पालना गरी शिक्षा नियमावली, २०५९ को नियम २३ बमोजिमको प्रक्रिया पुर्‍याई विद्यालय व्यवस्थापन समिति गठन गर्न भनी दिएको मिति २०६७।९।१२ को निर्देशनलाई अन्यथा मान्न नमिल्ने ।

अभिभावकको भेला नगराई विधिवत् अभिभावक मतदाता नामावली प्रकाशित नगरी उम्मेद्वारी दर्ता र नाम फिर्ता लिएको नदेखिएको तथा एकैचोटी निर्विरोध निर्वाचित भएको घोषणा गर्नु शिक्षा ऐन, र नियमविपरीत देखिएकोले मागबमोजिमको रिट जारी गर्नु नपर्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतःनारायणप्रसाद पौडेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत महिना ८ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०६७-

CI-०६८१, अवैध मोही लगत कट्टा, *दुलारीदेवी यादवनी वि. अब्दुल हमिद मियाँ धुनिया*

सर्वे नापीको समयदेखि जग्गा जोती आएको, फिल्डबुकमा मोही जनिएको छ, नापीको समयदेखि प्राप्त गरिएको पहिलो जग्गाधनी प्रमाणपूर्जामा मोही उल्लेख गरिएको छ र मोहियानी हकको प्रमाणपत्र प्राप्त भई जग्गा जोत आवाद गर्दै आएको मोहीको देहान्तपछि उसको हकवालाले पुनः मोहियानी हक कायम गराउने होइन । जुनबेला पनि नामसारीसम्म गराए पुग्ने हो । यो कुरा पछिल्ला जग्गाधनी र भूमिसुधार अधिकारीहरूले पनि बुझ्नु र जान्नु पर्ने कुरा हो । मोही लगत कट्टा सम्बन्धी यस्तो विवादको निर्णय गर्दा सामान्य विवेक र न्यायिक मनको प्रयोग गर्नु आवश्यक हुने ।

कानूनबमोजिम मोहियानी हक कायम भइरहेको दशकौं पछि पहिलाकै वा अर्को जग्गाधनीले दोस्रो पुस्ताको मोहीबाट पहिलेको मोहीको मोहियानी हक कायम भएको स्रोतसम्बन्धी प्रमाणको खोजी गर्न र न्यायिक अधिकार पाएका भूमिसुधार अधिकारीले आफ्नै अड्डाको स्रेस्ता समेत नहेरी वा विवेक र न्यूनतम् स्तरको पनि न्यायिक मनको प्रयोग नगरी २ नं., १ नं. अनुसूची र कबुलियत नभएको भन्दै मोहियानी लगत कट्टा गर्दै जाने हो भने त्यो भूमिसम्बन्धी कानूनी व्यवस्था र कानूनी राज्यको उपहास हुन जान्छ । त्यसकारण यसप्रति भूमिसुधार अधिकारीहरू बढी गम्भीर, सजग र संवेदनशील हुन जरूरी हुने ।

कानूनले न्यायिक अधिकार प्राप्त गरेको सार्वजनिक जिम्मेवारीको पद धारण गर्ने पदाधिकारीले कानूनबमोजिम निर्णय गर्नु पर्दछ । कानूनबमोजिम भन्नाले अधिकारक्षेत्र सम्बन्धी आफ्नो अख्तियारीको सीमाभित्र रही न्यायिक मनको अधिकाधिक प्रयोगबाट विवेकपूर्ण, न्यायपूर्ण र कानूनसम्मत् निर्णय गर्नु हो । उपरोक्त कुराहरूको बेवास्ता, उपेक्षा र उल्लंघन गरी भएको निर्णय स्वेच्छाचारी निर्णय हो । त्यस्तो निर्णय कायम रहन सक्दैन । प्रस्तुत मुद्दाको सन्दर्भमा भूमिसुधार अधिकारीबाट भएको निर्णय कानूनबमोजिमको नभई स्वेच्छाचारी निर्णय देखिँदा वादीको दावी नपुग्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको दे.पु.नं. ०६७-CI-०६८०, मोही बेदखली, *दुलारीदेवी यादवनी वि. अब्दुल हमिद मियाँ धुनिया*
- २०६७ सालको दे.पु.नं. ०६७-CI-०६८२, मोही नामसारी, *दुलारीदेवी यादवनी वि. अब्दुल हमिद मियाँ धुनिया*
- २०६७ सालको दे.पु.नं. ०६७-CI-०६८३, निषेधाज्ञा, *दुलारीदेवी यादवनी वि. अब्दुल हमिद मियाँ धुनिया*

१४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०९३३, उत्प्रेषणयुक्त परमादेश, *वारकृष्ण श्रेष्ठ वि. गीता थापा समेत*

मोहियानी हक नामसारीसम्बन्धी कारवाहीलाई लिएर यी निवेदकले दिएको जालसाजी मुद्दा फौजदारी प्रकृतिको भएकोमा पनि विवाद छैन । त्यसमा पनि उक्त जालसाजी मुद्दाको निर्णयबाट मोही नामसारी प्रभावित हुन सक्ने, नसक्ने कुरा हुन सक्तछ । तर गुठीसम्बन्धी विवाद वा सो जग्गाको स्वामित्वसम्बन्धी विवाद र त्यसमा हुने निर्णयले मोही हकमा कुनै असर पर्न नसक्ने हुँदा उक्त मुद्दाहरूको प्रकृति र विषयवस्तु एकअर्कासँग अन्तरप्रभावी नभई फरक-फरक रहेको देखिएको अवस्थामा काठमाडौं जिल्ला अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको जालसाजी मुद्दा मुल्तवीमा राख्नु नपर्ने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल चैत १५ गते रोज ४ शुभम् ।

१५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-१२२७, उत्प्रेषणयुक्त परमादेश, *कामेश्वर यादव समेत वि. लक्षण यादव*

यातायात बन्द भएको भनी पुनरावेदन अदालत बार एकाइबाट मिति २०६६।७।२९ को सिफारिशपत्रसाथ राखी गुज्रिएको तारिख थामीपाऊँ भनी सप्तरी जिल्ला अदालतमा निवेदन दिएको हुँदा

उक्त सिफारिशपत्रलाई कानूनअनुकूलको अधिकृत निकायले दिएको सिफारिश भन्न नमिल्ने ।

झुट्टा व्यहोराका अनधिकृत सिफारिशको आधारमा सप्तरी जिल्ला अदालतका स्रेस्तेदारले गरेको मिति २०६६।७।२९ को आदेशलाई सदर गर्ने गरी सप्तरी जिल्ला अदालतको मिति २०६६।९।२४ को आदेश एवं सो आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०६६।११।१४ को आदेश समेत कानूनअनुरूप भएको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

वादीले तारिख गुजारेको अवस्थामा गर्नुपर्ने कानूनबमोजिम अरू कारवाही, निर्णय गर्नु भनी सप्तरी जिल्ला अदालतको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल चैत १५ गते रोज ४ शुभम् ।

१६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०६३२, उत्प्रेषण, *धुप साह तेली वि. मु.स. गर्ने लालबाबुप्रसाद तेली*

अ.बं. ६२(५) नं. बमोजिम गुज्रेको तारिख नथमाई अ.बं. ५९ नं.बमोजिम गुज्रेको तारेख थमाउन नमिल्ने वा अ.बं. ५९ नं. र अ.बं. ६२(५) नं.को सुविधा एकसाथ नपाउने भन्न नमिल्ने ।

कुनै स्पष्ट कानूनी बन्देज बेगर पक्षले कानूनबमोजिम प्राप्त गर्नसक्ने अलग अलग सुविधामध्ये एउटा प्रयोग नगरी अर्को प्रयोग गर्न नपाउने भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत १५ गते रोज ४ शुभम् ।

१७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०७१६, उत्प्रेषण परमादेश, *सहदेव कक्षपति वि. सिटी प्रोपर्टिज प्रा.लि. का.म.न.पा. वडा नं. १३, कालीमाटी समेत*

निवेदक सहदेव कक्षपति र विपक्षीमध्येको सिटी प्रोपर्टिज प्रा.लि. समेत बीच २०६५।७।२४ मा करारनामाको लिखत भएकोमा विवाद देखिँदैन । निवेदक र विपक्षी समेत बीच २०६५।७।२४ मा भएको करारनामाका शर्तहरू विपक्षीले पालन नगरेकोले यी निवेदक सहदेव कक्षपति वादी विरूद्ध विपक्षीमध्येको सिटी प्रोपर्टिज प्रा.लि. समेत प्रतिवादी भएको करारको यथावत् परिपालना गराई पाऊँ भनी र बैना रकम फिर्ता पाऊँ भनी ललितपुर जिल्ला अदालतमा दिएको मुद्दामा उक्त अदालतबाट वादी दावी पुग्न नसक्ने ठहरी २०६८।२।३० मा फैसला भैसकेको देखिई प्रस्तुत रिट निवेदनको औचित्य समेत समाप्त भैसकेको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत १५ गते रोज ४ शुभम् ।

१८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-WO-१११०, उत्प्रेषणयुक्त परमादेश, *गर्भलाल प्रधानाङ्ग वि. भूमिसुधार कार्यालय, भक्तपुर समेत*

कार्यालयमा निवेदन दिँदा स्थानीय निकायको सिफारिशसहितको आवश्यक कागजात समेत पेश गरी कानूनबमोजिमको प्रक्रिया पूरा गरेको अवस्थामा भूमिसुधार कार्यालयबाट निवेदकको निवेदन दर्ता गर्ने लगायतका कानूनबमोजिमको कारवाही निर्णय गर्नुपर्ने हुन्छ । यसका साथै निज स्थानीय गा.वि.स.मा सिफारिश लिन जाँदै नगएको भनी सो गा.वि.स. को लिखित जवाफबाट देखिँदा गा.वि.स. ले सिफारिश दिएन भन्ने निवेदकको जिकीर मनासिब नदेखिने ।

मोही लगत कट्टाको निवेदन दिँदा सम्बन्धित गा.वि.स. को सिफारिश समेतको आवश्यक कागजात पेश गर्नुपर्ने दायित्व यी निवेदकको रहेकोमा आवश्यक कागजात पेश नगरेको कारणबाट भूमिसुधार कार्यालय भक्तपुरले तत्कालका लागि निवेदकको निवेदन दरपीठ गर्ने गरी मिति २०६७।१०।२३ मा गरेको आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६८।१।१५ को आदेशबाट निवेदकको कानूनप्रदत्त हकमा असर पर्न गएको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल चैत १५ गते रोज ४ शुभम् ।

१९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६७-WO-०८७४, उत्प्रेषण, परमादेश समेत, *मणिराम खनाल समेत वि. व्यवस्थापिका संसद सचिवालय समेत*

ऐनको अधिकार प्रयोग गरी बनाइएको नियमले सम्बन्धित ऐनभन्दा फरक वा ऐनले गरेको व्यवस्थापनमा थप-घट हुने गरी छुट्टै व्यवस्था गर्न सक्दैन । अपितु ऐनको व्यवस्था वा ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक प्रक्रियागत वा कार्यविधिगत व्यवस्थासम्म नियमावलीले गर्ने हो । त्यसकारण ऐनसँग बाझिने गरी कुनै नियमको व्याख्या गर्न नमिल्ने ।

ऐनको उद्देश्य र ऐनले निर्धारण गरेका आधार र शर्तहरूलाई निस्तेज गराउने गरी नियमावलीमा व्यवस्था गर्न सकिन्छ भनी मान्न सकिँदैन । मूल ऐन (Parent Law) को मातहतमा रही नियमावली बन्ने हुँदा त्यस्तो नियमावलीले ऐनको व्यवस्थामा थप, घट र परिवर्तत गर्न सक्ने अवस्था नहुँदा ऐनको व्यवस्थासँग नियमावलीको व्यवस्था नबाझिने किसिमले व्याख्या (Harmonious Interpretation) गरिनु पर्ने ।

प्रस्तुत मुद्दामा व्यवस्थापिका संसदसम्बन्धी ऐन, २०६४ को दफा २८ ले तोकेको बढुवाको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता व्यवस्थापिका संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५ को नियम ६१ ले आवश्यक पर्ने होइन भनी उल्लेख गरेको छ भनी अर्थ गर्न मिल्ने अवस्था रहेन । ऐनमा नै स्पष्ट व्यवस्था रहेछ भने त्यसका लागि नियम हेर्नुपर्ने आवश्यक छैन । ऐनले नबोलेको कुनै कुरा नियममा राखिएको छ र त्यो ऐनको उद्देश्य वा व्यवस्था कार्यान्वयन गर्न आवश्यक छ भने त्यसलाई मान्नुपर्ने हुन्छ । तर ऐनमा नै स्पष्ट व्यवस्था गरिएको छ भने सोही व्यवस्था नियममा समावेश गर्न आवश्यक हुँदैन र त्यसरी नियममा समावेश नगरिएको आधारमा ऐनले गरेको व्यवस्था निष्प्रभावी र नियमावलीको व्यवस्था प्रभावकारी बन्न नसक्ने ।

गत सालमा प्रकाशित विज्ञापनमा एक तह मुनिको पदको लागि न्यूनतम् शैक्षिक योग्यता आवश्यक पर्ने भनी उल्लेख नगरिएको कारणबाट ऐनको दफा २८(१) को व्यवस्था सदाको लागि निष्प्रभावी भइसकेका भनी अर्थ गर्न मिल्दैन । यसभन्दा अगाडि बढुवाका लागि एक तह मुनिको पदका लागि आवश्यक शैक्षिक योग्यता अनिवार्य नगराइएबाट यी निवेदकहरूको हकमा पनि शैक्षिक योग्यताको प्रावधान लागू हुनुहुन्न भन्ने निजहरूको दावी र निर्णयहरूको हकमा आवश्यक न्युनतम् शैक्षिक योग्यताको शर्त लागू गर्दा विभेदकारी हुन्छ वा समानताको हकको प्रतिकूल हुन्छ भन्ने निवेदकहरूका तर्फबाट विद्वान अधिवक्ताहरूद्वारा प्रस्तुत तर्क, तर्कसंगत र कानूनमा आधारित नरहेकोले स्वीकार्य हुन सक्दैन । व्यवस्थापिका संसद सचिवालयमा काम गर्ने व्यवस्थापिका संसद सेवाका कर्मचारीहरूलाई यसरी न्यूनतम् शैक्षिक योग्यतामा छूट दिन नमिल्ने ।

कुनै निकायले एक पटक ऐनको व्यवस्थाको उपेक्षा वा बेवास्ता गरी केही कामकारवाही गरेको छ भने सँधै त्यस्तो भइरहनु पर्छ भन्ने रिट निवेदकहरूको जिकीर कानूनसम्मत् देखिएन । ऐनको आधारमा अधिकारको खोजी नगरी ऐनको कार्यान्वयन सम्बन्धमा गरिएको व्यवहार (Practice) लाई आफ्नो अधिकारको उद्‌गम स्रोत बनाएका यी निवेदकहरूको दावी कानूनमा आधारित रहेको छैन । मिति २०६७।११।५ मा प्रकाशित बढुवाका सूचनाबाट यी निवेदकहरूको कुनै कानूनी हकमाथि अतिक्रमण भएको वा हुने अवस्था देखिन नआउने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-CI-०३९७, निषेधाज्ञा, *सुशील केडिया विश्वभारतीको अधिकारप्राप्त प्रिन्सिपल र सञ्चालक समितिको सदस्य सचिव भुवनेश्वरी राव वि. श्रम कार्यालय, काठमाडौं समेत*

कुनै पेशामा लागेका पेशाकर्मीलाई ट्रेड यूनियन खोल्न सञ्चालन गर्न नमिल्ने भनी Freedom of Association को अन्तर्राष्ट्रिय मान्यतालाई संकुचित अर्थमा मात्र बुझ्न नमिल्ने हुँदा त्यस्तो ट्रेड यूनियन दर्ता हुन नपाउने भन्न सकिने अवस्था रहँदैन, तथापि त्यस्तो

ट्रेड यूनियन दर्ता गर्ने निर्णय भएकै खण्डमा पनि त्यस्तो ट्रेड यूनियन दर्ता गर्ने पञ्जिकाधिकारी कार्यालयको निर्णयउपर ट्रेड यूनियन ऐन, २०४९ को दफा २९(२) बमोजिम पुनरावेदन गर्न पाउने वैकल्पिक व्यवस्था समेत रहेको देखिइरहेको अवस्थामा सोझै रिट क्षेत्रमा प्रवेश गरेकोले प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०५४५, उत्प्रेषण समेत, *सुशील केडिया विश्वभारतीको अधिकारप्राप्त प्रिन्सिपल र सञ्चालक समितिको सदस्य सचिव भुवनेश्वरी राव वि. श्रम कार्यालय, काठमाडौं समेत*

वर्तमान संविधान २०६३ को धारा ३०(२) ले नै कामदार कर्मचारी आ-आफ्नो हित रक्षाको निमित्त ट्रेड यूनियन खोल्ने हकाधिकार प्रत्याभूत गरिदिएको देखिन्छ। त्यसरी संविधानले नै त्यस्तो ट्रेड यूनियन गठन गरी आफ्नो हक हितको लागि संगठित हुने हकाधिकार दिइसकेको अवस्थामा, सम्बन्धित कानूनमा नै स्पष्टतः यो कार्य गर्न पाइने छैन भनी निषेध गरिदिएको स्थितिमा बाहेक, त्यस्तो शैक्षिक संस्थामा काम गर्ने शिक्षक समेतका कर्मचारीलाई मात्र त्यस्तो अधिकार नभएको भनी मान्न सकिने अवस्था नदेखिने ।

ट्रेड यूनियन गठन गरिने कार्यले यी निवेदकको कुनै संवैधानिक तथा कानूनी प्रत्याभूत गरेको हक अधिकारमा कुनै आघात पर्न जाने अवस्था पनि रहेको देखिँदैन भने त्यस्तो ट्रेड यूनियन दर्ता गर्ने निर्णय गरेकै खण्डमा पनि सो निर्णय गर्ने पञ्जिकाधिकारीको त्यस्तो निर्णयउपर ट्रेड यूनियन ऐन, २०४९ को दफा २९(२) बमोजिम श्रम अदालतमा पुनरावेदन गर्न पाउने वैकल्पिक कानूनी व्यवस्था समेत मौजुदै रहिरहेको स्थितिमा रिटको असाधारण अधिकारक्षेत्र प्रवेश गरी दायर भएको प्रस्तुत रिट निवेदनमा आदेश जारी हुनुपर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल मंसिर ११ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री अवधेशकुमार यादव र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०६५४, उत्प्रेषणयुक्त परमादेश, *इन्द्रमाया लिम्बू वि. जिल्ला सडक कार्यालय, पाँचथर फिदिम समेत*

रिट निवेदिकाको जग्गा फिदिम पल्लोटार जोरसाल सडकमा परेकै अवस्थामा पनि सो सडक आ.व. २०५३।०५४ सालमा कच्ची मोटर बाटोको रूपमा तयार भई सो समयदेखि नै सार्वजनिक प्रयोगमा आई निर्माण विस्तार हुँदै २०६७ सालसम्ममा स्तरोन्नति भई कालो पत्रे समेत भैसकेको भन्ने देखिएको अवस्थामा एकै पटक २०६७ सालमा मात्र दायर हुन आएको प्रस्तुत रिट निवेदन औचित्यताको सिद्धान्त समेतको आधारमा खारेज हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

इति संवत् २०६८ साल पुस ११ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको फौ.पु.नं. ०३२१, ०३६९, ०४३१, ०४३२, कर्तव्य ज्यान, *बुद्धमाया लावती माखिम वि. नेपाल सरकार, नेपाल सरकार वि. सीना माझी राई समेत, सीना माझी राई वि. नेपाल सरकार, मीना राई वि. नेपाल सरकार*

मृतकले मादक पदार्थ सेवन गरी बढी नै नशा लागेको अवस्थामा महिलाहरूसँग त्यसमा पनि आफ्नै बहिनी समेतसँग बोल्न हुने नहुने शब्दको ख्यालै नगरी जथाभावी बोल्दा महिलाहरू आवेशमा आई त्यही रहेको सखुवाको दाउराले प्रहार गर्दा पाका उमेरका मृतक डम्बरबहादुर लावतीको टाउकोमा लाग्न गई पछि सोही कारणले निजको मृत्यु भएको भन्ने मिसिल संलग्न लास प्रकृति मुचुल्का, लास जाँच प्रतिवेदन तथा प्रतिवादीहरूको बयान, साक्षीहरू तथा बुझिएका व्यक्तिहरूको भनाइ समेतबाट पुष्टि भैरहेको देखिँदा पुनरावेदक प्रतिवादीहरूलाई आवेश प्रेरित हत्याको कसूरमा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः बसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल माघ ११ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. CI-०४४५, निर्णय दर्ता बदर हक कायम खिचोला मेटाई चलन चलाई पाऊँ, *ढमबहादुर विश्वकर्मा वि. मतिकला विश्वकर्मा*

वादी दावीको खिचोला मेटाई पाऊँ भन्ने दावी रहेको र न.नं. ६ को पर्खाल पहिल्यै प्रतिवादीले लगाएको, हाल नापी नक्सामा देखाइएको पर्खालको पूर्वतर्फबाट ७.४५ वर्गमीटरको जग्गा न.नं. ७ को विवादित जग्गामा परेको देखिन आएबाट त्यस हदसम्मको जग्गा वादीको नाउँमा दर्ता गर्ने गरी ८ नं. नापी गोश्वाराले गरेको निर्णय मनासिब देखिँदा त्यसभन्दा बढी जग्गा दर्ता नगर्ने गरी भएको उक्त ८ नं. नापी गोश्वाराको निर्णय बदर गरिपाऊँ भन्ने र पूरै जग्गाको खिचोला मेटाई पाऊँ भन्ने हदसम्मको वादी दावी पुग्न नसक्ने ।

८ नं. नापी गोश्वाराबाट मिति २०६१।१२।३ मा निर्णय गरी सोअनुसार ७.४५ वर्गमीटरको जग्गा प्रतिवादीको जग्गामा परेको भनी भएको क्षेत्रफल सुधार बाहेकको वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६८ साल चैत २८ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको CR-०२८८ कर्तव्य ज्यान, *नेपाल सरकार वि. फूलपती चौधरी*

अभियोग दावीलाई स्वतन्त्र र शंकारहित तवरबाट पुष्टि गर्ने दायित्व वादी पक्षको रहने हुँदा यी प्रतिवादीलाई कसूरदार प्रमाणित गर्न स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण वादी पक्षबाट पेश हुन नसकेको र प्रतिवादी स्वयंले प्रहरी अदालतसमक्ष बयान गर्दा अपराधमा संलग्न रहेको भनी स्वीकार गरेको अवस्था नदेखिएको, सह-अभियुक्त प्र. बलीरामको अदालतको बयानमा समेत निज विरूद्ध अभियोग दावीबमोजिमको कुरा भन्न सकेको नदेखिएकोले प्रतिवादी फूलपतीलाई अभियोग दावीबमोजिम सजाय गर्नु न्याय र कानूनको दृष्टिमा नमिल्ने हुँदा स्वतन्त्र र विश्वसनीय प्रमाणको अभावमा प्रतिवादी फूलपती चौधरीले सफाइ पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी
कम्प्यटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल मंसिर २० गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६१ सालको दे.पु.नं. CI-८८७७, नामसारी हक कायम दर्ता, *गोविन्दप्रसाद कादमिया वि. भगवती देवी कादमिया समेत*

प्रतिवादी गोविन्दप्रसाद बाहेक अन्य अंशियारहरू भगवतीदेवी, हरिप्रसाद तथा युगल किशोर एकासगोलमा बसेको देखिनाले एकासगोलमा बस्ने वादीहरू आमा भगवती देवी र भाइ हरिप्रसादका नाउँमा वादी दावीबमोजिम मर्ने युगल किशोरको सम्पत्ति नामसारी हक कायम दर्ता हुने ।

विशेषज्ञबाट जाँच हुँदा समेत यी पुनरावेदक प्रतिवादीले २०३५ सालको बकसपत्र लिखतमा गरेको सहीछाप सद्दे हुँदाहुँदै हाल आएर कीर्ते हो भनी झूट्टा बकपत्र गरेउपर यी पुनरावेदकलाई सजाय हुनुपर्छ कि भन्नलाई सोबाट प्रत्यर्थी वादीको हक हनन् नभएकोले दण्ड सजायको १८ नं. अनुसार निजलाई सजाय नहुने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६८ साल चैत २८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको फौ.पु.नं. CR-०६३६, ०७०७, भ्रष्टाचार, *नेपाल सरकार वि. प्रकाश दुलाल, देवीप्रसाद गौतम वि. नेपाल सरकार*

रिसवत रूपैयाँको लिनुदिनु गरेको मितिमै हाल साविकको निर्णय भएको र सार्वजनिक जग्गा छुट्याई हाल साविकमा निर्णय गरेकोले आरोपित कसूरमा प्रतिवादी देवीप्रसाद गौतमको संलग्नता नरहेको भनी प्रतिवादीका विद्वान कानून व्यवसायीले जिकीर लिए पनि रिसवत लिएको कसूर प्रमाणित गर्ने पर्याप्त आधार भएको कुरा स्पष्ट भएबाट यी प्रतिवादी देवीप्रसाद गौतमले गरेको अभियोग दावीको कसूरबाट उन्मुक्ति पाउने अवस्था नरहेकोले यी प्रतिवादी देवीप्रसाद गौतमले जग्गा हाल साविक गरिदिने क्रममा उजूरवाला कृष्णप्रसाद घिमिरेबाट रू. १ लाख रिसवत लिई भ्रष्टाचार

निवारण ऐन, २०५९ को दफा ३(१) को कसूर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ३(१)(ग) बमोजिम कैद ४ (चार) महिना र बिगोबमोजिम रू.१,००,०००।- (एक लाख) जरीवाना हुने ।

प्रतिवादी प्रकाश दुलालका हकमा विवादमा आएको जग्गा हाल साविक गर्ने कारवाहीका क्रममा संलग्न भई प्रतिवादी अमिन देवीप्रसाद गौतमलाई तोक लगाएको देखिए पनि निज आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिएको र निजका सँगसाथबाट घूसको रकम बरामद नभएको साथसाथै सहअभियुक्त देवीप्रसाद गौतमले रिसवत लिने खाने कुरामा यी प्रतिवादी प्रकाश दुलालको समेत संलग्नता रहेको भनी अनुसन्धानको क्रममा र अदालतमा भएको बयानमा समेत पोल गर्न सकेको अवस्था नहुँदा प्रत्यक्ष र शंकारहित प्रमाणको अभावमा निज प्रतिवादी प्रकाश दुलालले सफाइ पाउने ।

इजलास अधिकृतः परशुराम भट्टराई
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६४ सालको दु.फौ.पु. नं. ०६४-CR-०३२१, जालसाजी, *भगवतीप्रसाद बनिया वि. सुरेन्द्रप्रसाद गुप्ता समेत*

मिसिल संलग्न फिल्डबुकको उतारमा भगवतीप्रसादको समेत हक छ भन्ने शब्द संदिग्ध रूपमा रहेको र उक्त शब्द फिल्डबुकमा पछिबाट थपिएको भन्ने स्वाभाविक रूपमा देखिन्छ । २०२० सालमा छुट्टिई भिन्न भई अलग बसेको काकाले २०२२ सालमा सर्भे नापी हुँदा भतिजको समेत हक भनी लेखाई दिने र सोही आधारमा यी प्रत्यर्थी वादीलाई घर बनाई बस्न दिए होलान् भनी सहज रूपमा अनुमान समेत गर्न नमिल्ने ।

दावीको जग्गा साविक सर्वे नापीमा प्रतिवादी रामकेशरीका पति सौखी साहले नापी गराएका र निजको मृत्युपश्चात् प्र. निजकी पत्नी रामकेशरीले आफ्नो नाउँमा नामसारी गरी प्रतिवादी ललितादेवीलाई पारीत गरी दिएका र सर्वे नापीमा प्रतिवादी ललितादेवीको नाममा दावीको जग्गा दर्ता भै निजले जग्गाधनी प्रमाण पूर्जा समेत प्राप्त गरेको देखिन्छ । सो दर्ता बदरमा वादीले सम्बद्ध कानूनले निर्धारण गरेको हदम्यादभित्र नालेस नगरी निज प्रतिवादी ललितादेवीको नामको दर्ता कायम रहिरहेको अवस्था देखिन्छ । प्रतिवादी ललितादेवीलाई पारीत गरिदिएको मिति २०५९।२।१७ को लिखत सदर कायम रहने गरी यसै लगाउको दे.पु.नं. ०६४-CI-०४५७ को मुद्दामा आज यसै इजलासबाट फैसला भएकोले मिति २०५९।२।१७ को सिफारिश एवं मालपोत कार्यालय बाराको र.नं. ११२४४ मिति २०५९।२।१७ को बकसपत्र लिखत समेत जालसाजपूर्ण नदेखिने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** दे.पु. नं. ०६४-CI-०४५७, लिखत दर्ता बदर दर्ता, *भगवतीप्रसाद बनिया वि. ललितादेवी गुप्ता समेत*

फिराद दावीको साविक कि.नं. ४६ को जग्गावाला प्रतिवादी रामकेशरीले प्रतिवादी ललितादेवी गुप्तालाई र. न. ११२४४ मिति २०५९।२।१७ मा पारीत हालैको बकसपत्र लिखत कानून प्रतिकूल नदेखिएकाले त्यस्तो लिखत बदर हुन नसक्ने हुँदा वादी दावीअनुसार लिखत बदर नहुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल पुस ८ गते रोज ६ शुभम् ।

११

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको CI-०२३१, बाली बिगो, *राजकुमार साह तेली वि. हकमा श्रीमती सीया साह तेलीन*

सर्वोच्च अदालतमा मुद्दा चलिरहेको अवस्थालाई पुनरावेदक प्रतिवादीले नजरअन्दाज गर्न मिल्ने अवस्था नहुने ।

सर्वोच्च अदालतमा मुद्दा पर्दापर्दैको अवस्थामा मातहत अदालतको फैसलाका आधारमा

मात्र जग्गामा पुनरावेदकको एकलौटी हक कायम भएको हो भनी यकीन गर्न मिल्दैन। यस्तो मुद्दा पर्दापर्दैको अवधिमा पुनरावेदक प्रतिवादीले विवादित जग्गामा बाली लगाई खाई भोगचलन गरेको कुरा स्वीकार गरिरहेको हुँदा निजले सो अवधिमा लगाएको बालीको बिगो जग्गाका स्वामित्वाधिकारीलाई व्यहोर्नु पर्ने।

यिनै पुनरावेदक प्रतिवादीले शुरू रौतहट जिल्ला अदालतमा चलाएको दे.नं. १५३९ को जग्गा खिचोला चलन मुद्दामा मिति २०५१।१।१९ मा फैसला भएपछि शिउराज साहले दाखिल गरेको फैसलाबमोजिमको बालीको बिगो रू. ६५२६।९३ मिति २०५४।१२।२६ मा बुझी लगेको अवस्था पनि मिसिलबाट देखिँदा हाल सर्वोच्च अदालतबाट मिति २०५९।४।२७ मा फैसला भएपछि मुद्दा जित्ने प्रत्यर्थी वादीलाई बाली बिगो तिर्दिन भनी प्रतिवादीले इन्कार गर्न नमिल्ने।

यिनै पक्षहरूबीच कीर्ते मुद्दालगायतका मुद्दा चली तह-तह हुँदै सर्वोच्च अदालतमा मुद्दा कारवाहीयुक्त रहेको अवधिसम्म पुनरावेदक प्रतिवादीले जग्गा जोतभोग गरेको स्वीकारै गरेको देखिएको र सर्वोच्च अदालतबाट जग्गामा प्रत्यर्थी वादीको हक स्थापित भएको हुँदा प्रतिवादीले वादीलाई जग्गा मिच्नेको १८ नं. बमोजिम ३ सालको जग्गाको बाली भरिपाउने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६३।५।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्र पोखरेल

कम्प्युटरः धनबहादुर गुरूङ

इति संवत् २०६८ साल पुस ११ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको CI-०२४४, बाली बिगो, *राजकुमार साह तेली वि.विलासी साह तेली*
- २०६४ सालको CI-०२४७, बाली बिगो, *राजकुमार साह तेली वि. शिउराज साह तेली*
- २०६४ सालको CI-०२५०, बाली बिगो, *राजकुमार साह तेली वि. सुकदेव साह तेली*

१२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** २०६४ सालको फौ.पु.नं. CR-०६४५, कीर्ते, *रामायण ठाकुर हजाम वि. हरेन्द्रप्रसाद यादव*

सम्बन्धित भर्पाई सम्बन्धमा दुई जना विशेषज्ञहरूको राय फरक-फरक भए पनि यस अदालतसमक्ष बकपत्र गर्न उपस्थित भएका विशेषज्ञहरूको बकपत्रहरूबाट एवं सम्बन्धित भरपाई एवं नमूनाको रूपमा तथा सम्बन्धित हाजिरी रजिष्टरमा भएका हस्ताक्षरहरूलाई तुलनात्मक रूपमा हेर्दा विवादित मिति २०५९।१०।६ को भर्पाईमा भएको सही कीर्ते नै देखिने।

सीधा सीधा आँखाले हेर्दा पनि विवादित सही र अन्य नमूना सही एक आपसमा फरक देखिएको तथा लिखतको व्यहोरा भन्दा करीव ७ लाइन तल अस्वाभाविक रूपमा इति संवत् लेखिएको तथा विवादित लिखतको शीर पुछारमा कारणीको हस्ताक्षर समेत भएको नदेखिँदा विवादित भर्पाई सद्दे साँचो हो भनी मान्न सकिने अवस्था नदेखिँदा कुत बुझेको भर्पाई प्रतिवादीले कीर्ते गरेको हुँदा सो भर्पाई कीर्ते ठहरी, कीर्ते गर्ने प्रतिवादी रामायण ठाकुर हजामलाई कीर्ते कागजको ७ नं. बमोजिम रू. १,७८९।२५ जरीवाना हुने।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः महर्जन

इति संवत् २०६८ साल चैत २६ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०३६५, उत्प्रेषण परमादेश, *नथुरी राय वि. स्थानीय विकास मन्त्रालय, पुल्चोक, ललितपर समेत*

निवेदकले आफूले २०५९।२।१ देखि अस्थायी पियन पदमा काम गरेको हुँदा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ११३ क बमोजिम सो पदमा स्थायी नियुक्ति पाउने प्रकृतिको उम्मेद्वार

भनी जिकीर लिए पनि निवेदनको प्रकरण नं. ५ मा २०६२।६।१० देखि सो पदमा रामचन्द्र राय यादव कार्यरत् रहेको कुरालाई स्वीकार गरेको देखिन्छ। एउटै पदमा एकै समयमा दुई जना व्यक्तिहरू कार्यरत् रहन्छन् भन्ने कुरा सामान्यतः अनुमान गरिँदैन। विपक्षीको लिखित जवाफबाट पनि यी निवेदक २०६२।६।१० भन्दा अगावैदेखि उक्त पदमा कार्यरत् नरहेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। यसबाट निवेदकको सेवा लगातार रहेको नदेखिँदा निज स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ११३क अनुसार प्राथमिकता प्राप्त उम्मेद्वार देखिन नआउने।

निवेदकको अन्तर्वार्ताको मितिभन्दा अगावै अन्तर्वार्तासम्बन्धी सूचना प्राप्त गरी अन्तर्वार्तामा सम्मिलित भइसकेपछि आफू अनुत्तीर्ण भएपछि प्रस्तुत निवेदन दिएको देखिएको हुँदा अन्तरर्वार्ता सम्बन्धमा भएका कामकारवाहीको परिणाममा निज विवन्धित भइसकेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत १३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** ०६४-WO-०३८९, उत्प्रेषण परमादेश, *रामबाबु राय वि. सचिव, गाउँ विकास समिति हेमपुर, सर्लाही*

निवेदकले तोकिएको अवधिभित्र यकीन जन्ममितिसम्बन्धी आवश्यक प्रमाण पेश गर्न नसकेको हुँदा तोकिएको अवधि नाघेपछि जिल्ला प्रशासन कार्यालय, सर्लाहीले दिएको पत्रमा उल्लेख भएअनुसार निजको जन्म मिति २०२९।१२।२५ कायम गर्न प्रस्तुत निवेदनमा उल्लिखित विज्ञापनका सन्दर्भमा सान्दर्भिक देखिन नआउने हुँदा विपक्षीमध्येका रामचन्द्र रायलाई सो कार्यालयको पियन पदमा नियुक्ति दिने गरी गरेको निर्णयबाट निवेदकको संवैधानिक एवं कानूनी हकमा आघात परेको भन्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत १३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको रिट निवेदन नं. ०६८-WO-००२३, उत्प्रेषणयुक्त परमादेश, *दीपेन्द्र शाही वि. त्रि.वि. समाजशास्त्र, मानवशास्त्र, केन्द्रीय विभाग कीर्तिपुर समेत*

परीक्षा भवनमा गई परीक्षामा संलग्न भइसकेपछि आफ्नो उत्तरपुस्तिका निरीक्षकलाई बुझाउने दायित्व सम्बन्धित परीक्षार्थीको हुन्छ। परीक्षामा संलग्न भइसकेपछि उत्तरपुस्तिका नबुझाउने कार्य परीक्षाको मर्यादा र परीक्षासम्बन्धी नियमको विपरीत भई परीक्षामा निषेधित कार्य मानिने हुन्छ। त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को नियम २६२ मा परीक्षार्थीले परीक्षा भवन छाड्नु अघि आफ्नो उत्तरपुस्तिका नबुझाउने कार्य परीक्षाको मर्यादा र परीक्षासम्बन्धी नियमको विपरीत भई परीक्षामा निषेधित कार्य उत्तरपुस्तिका नबुझाई आफैंले लगेकोले निजलाई त्रि.वि. नियमानुसार आवश्यक कारवाही गर्नको लागि सम्बन्धित परीक्षा केन्द्रबाट लेखी आएको आधारमा त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० मा भएको कानूनी व्यवस्थाअनुरूप अधिकारप्राप्त विश्वविद्यालयको सम्बन्धित परीक्षा सञ्चालक समितिले निवेदकको परीक्षा रद्द गर्ने निर्णय गरेको देखिँदा त्रिभुवन विश्वविद्यालयबाट लिइने परीक्षाको शुद्धता, स्वच्छता र मर्यादा कायम राख्न तोकिएको आचरणको पालना गर्नु र गराउनु सम्बन्धित सबैको दायित्व भएको कुरा निर्विवाद छ। त्रिभुवन विश्वविद्यालयबाट लिइएको परीक्षामा कुनै परीक्षार्थीले अनियमितता गरेमा त्यस्तो परीक्षार्थीलाई कानूनबमोजिम कारवाही गर्ने अधिकार सम्बन्धित समितिलाई भएको मानिने।

रिट निवेदकले परीक्षामा त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २६० विपरीत उत्तरपुस्तिका नबुझाई आफैले लगेको तथ्य सम्बन्धित परीक्षा केन्द्रका केन्द्राध्यक्षबाट आवश्यक कारवाही गर्नको लागि लेखी आएबाट पुष्टि भएको छ। उत्तरपुस्तिका नबुझाई आफैले लैजानु निषेधित कार्यभित्र पर्ने र सम्बन्धित परीक्षा केन्द्रबाट त्रि.वि.

नियमानुसार आवश्यक कारवाहीको लागि सिफारिश गरेको अवस्थामा सम्बन्धित अधिकारप्राप्त परीक्षा सञ्चालक समितिले नियम २६८ ले दिएको अधिकार प्रयोग गरी निवेदकको परीक्षा रद्द गरी आगामी एक वर्षसम्मका लागि निष्काशन गर्ने गरेको निर्णय कानूनबमोजिम अधिकारक्षेत्रभित्र रही गरेको निर्णयलाई यस अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग गरी हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदकको परीक्षा रद्द गर्ने गरी भएको केन्द्रीय परीक्षा सञ्चालक समितिको निर्णयलाई अन्यथा गरिरहनु नपर्ने हुँदा निवेदकको परीक्षा रद्द गरी निजलाई आगामी एक वर्षसम्मको लागि निष्काशन गर्ने गरी केन्द्रीय परीक्षा सञ्चालक समितिको मिति २०६८।१।२६ को निर्णय कानूनबमोजिमको देखिएको र उक्त निर्णयले निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात भएको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु नपर्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६८ सालको रिट निवेदन नं. ०६८-WO-०३९६, उत्प्रेषणयुक्त परमादेश, *दीपक रिमाल वि. त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय, वल्खु*
- २०६८ सालको रिट निवेदन नं. ०६७-WO-११४२, उत्प्रेषणयुक्त परमादेश, *विवेक कार्की वि. त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय, वल्खु*

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको रिट निवेदन नं. ०६८-WO-०१३६, उत्प्रेषणयुक्त परमादेश, *वीरेन्द्र भण्डारी समेत वि. त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय वल्खु समेत*

परीक्षा भवनमा छुट्टै पानामा लेखिएको कागज चिट लगी प्रयोग गरकोमा त्यस्तो चिट परीक्षासम्बन्धी नियम र मर्यादाविपरीतको निषेधित वस्तुभित्र पर्ने ।

चिट निषेधित वस्तुभित्र पर्ने र परीक्षा भवनमा चिट लैजाने र प्रयोग गर्ने कार्य अनियमित कार्यभित्र पर्ने हुँदा त्यस्तो निषेधित वस्तु उत्तरपुस्तिकामा संलग्न भएकोले सम्बन्धित परीक्षक र संपरीक्षकले कारवाहीका लागि सिफारिश गरेको अवस्थामा सम्बन्धित अधिकारप्राप्त परीक्षा सञ्चालक समितिले नियम २६८ ले दिएको अधिकार प्रयोग गरी निवेदकहरूको यस वर्षको परीक्षा रद्द गरेको निर्णय कानूनबमोजिम अधिकारक्षेत्रभित्र रही भएको देखिने ।

परीक्षार्थीहरूले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम २६० प्रतिकूल परीक्षा भवनमा निषेधित वस्तु चिट लगेको एवं प्रयोग गरेको र त्यस्तो निषेधित वस्तु चिट उत्तरपुस्तिकामा नै संलग्न भई आएको हुँदा सम्बन्धित परीक्षक र संपरीक्षकले कारवाहीको लागि सिफारिश गरेको आधारमा नियम २६८ ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय परीक्षा सञ्चालक समितिले कानूनबमोजिम निवेदकहरूको यस वर्षको परीक्षा रद्द गर्ने गरी मिति २०६८।३।१७ मा निर्णय गरेको देखिएको र उक्त निर्णयले निवेदकहरूको संवैधानिक तथा कानूनी हकमा आघात भएको नदेखिँदा निवेदकहरूको मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६८ सालको रिट निवेदन नं. ०६८-WO-००७१, उत्प्रेषणयुक्त परमादेश, *संगीता थापा समेत वि. त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय वल्खु समेत*
- २०६८ सालको रिट निवेदन नं. ०६८-WO-०१०१, उत्प्रेषणयुक्त परमादेश, *समा महर्जन वि. त्रि.वि. परीक्षा नियन्त्रण कार्यालय वल्खु समेत*

## इजलास नं. ८

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री भरतराज उप्रेती,** ०६७-WO-०८११, उत्प्रेषणमिश्रित परमादेश, *शम्भुप्रसाद श्रेष्ठ वि. जिल्ला शिक्षा कार्यालय, गौर रौतहट समेत*

विपक्षी शिक्षक सेवा आयोगको मिति २०६७।१०।२८ को पुनरावलोकनसम्बन्धी सूचना बदरभागी भै कायम रहन नसक्ने हुँदा उत्प्रेषणको आदेशले सो हदसम्म बदर गरिदिएको छ । अब प्रस्तुत विषयमा कानूनसम्मत ढंगले प्राप्ताङ्कको क्रमको आधारमा पुनर्विचार गरी निज राजेशकुमार झाको सट्टा कसले बढुवा पाउनु पर्ने हो निर्णय गर्नु भनी विपक्षीमध्येका शिक्षक सेवा आयोगको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः हरिराज कार्की

कम्प्युटरः निर्मला अधिकारी

इति संवत् २०६८ साल माघ १७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०६७-CI-११९६, बण्डापत्र अंश एवं मिलापत्र बदर, *गौरा थारू समेत वि. बेचनी थरूनी समेत*

अदालतका खुल्ला इजलाससमक्ष गरिएको मिलापत्रलाई मिलापत्रकर्ताको वंशज नातेदारको मागबमोजिम अमान्य र बदर गर्दै जाने हो भने कुनै पनि मुद्दाको अन्त्य कहिल्यै हुन नसक्ने ।

अदालतबाट सम्पन्न हुने फैसला, डिसमिस, मिलापत्र र खारेजले सुनिश्चितताको प्रत्याभूति र मुद्दाको निश्चित अन्त्यको प्रवन्ध गरेको मानिने ।

वादीहरूका पति पिताले के कुन कारणले आफ्नो अंश हक ठग्न उद्दत रहेको हो सोको कारण र आधार फिराद दावीमा कहीं कतै प्रत्यक्ष वा परोक्षरूले समेत उल्लेख गरेकोसम्म पाईंदैन । यी पुनरावेदक वादीहरूका पति पिताले निजहरूउपर दुराशय राखी अन्याय गर्नुपर्ने कारण वादी पक्षले नै स्थापित गर्न सक्नुपर्ने हुन्छ । फिरादको अद्योपान्त अध्ययनबाट पति पिताले आफूले कम सम्पत्ति लिई यी वादी एकमात्र पत्नी र तीनवटै छोराहरूलाई प्रतिकूल असर पार्नुपर्ने कारण उल्लेख गर्न सकेकोसम्म पाइदैन । बिनाकारण जालसाजी भन्दैमा आफ्नो दावी खम्बीर हुन नसक्ने हुँदा वादी दावी नपुग्ने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल चैत ८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको दे.पु.नं. ०६७-CI-११९७, अंश, *गौरा थारू समेत वि. बेचनी थरूनी समेत*
- ०६७-CR-८३८, जालसाजी, *गौरा थारू समेत वि. बेचनी थरूनी समेत*

**इजलास नं. १०**

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CR-०२८४, ०४८८, जीउ मास्ने बेच्ने, *राजु भन्ने कल्पना खड्का वि. नेपाल सरकार, मीनबहादुर खड्का वि. नेपाल सरकार*

जीउ मास्ने बेच्ने जस्तो गम्भीर अपराधमा प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक जाहेरवाला वा पीडितको भनाइलाई नै विश्वासप्रद मान्नुपर्ने ।

जाहेरवाला तथा पीडितले यी प्रतिवादीहरूउपर झूट्टा पोल उजूर गर्नुपर्ने तथ्ययुक्त कारण प्रतिवादीहरूले देखाउन सकेको मिसिल संलग्न प्रमाण कागजबाट नदेखिएको अवस्थामा संकलित सबूद प्रमाण र घटनाको कडीबाट यी प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि भइरहेको देखिँदा प्रतिवादीहरू मीनबहादुर खड्का र कल्पना खड्कालाई जीऊ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम जनही ११ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् २०६८ साल चैत १ गते रोज ४ शुभम् ।

**एकल इजलास**

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** २०६८ सालको रिट नं. ०१९९, उत्प्रेषणयुक्त परमादेश, *निरहु केवट वि. पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पार्दी पोखरा*

प्रहरी संगठनको विभागीय नीति, निर्देशन र प्रहरी कर्मचारीले पालन गर्नुपर्ने आचरणगत नियमहरू समेतको पर्वाह नगरी उत्तेजनामा आई थुनुवाकै समेत सुरक्षार्थ खटिएको प्रहरीले आफ्नो कर्तव्य र दायित्वको

ख्याल नगरी अनुशासनहीन कार्य गरेको र प्रहरी आचरणविपरीत महिला मानव अधिकारको समेत हनन् गरी कानूनविपरीतको कार्य गरेको भन्ने आधारमा प्रहरी नियमावली, २०४९ (संशोधन सहितको) नियम ८८ को देहाय (ग)(ङ)(च) र (ज) को कसूरमा ऐ.को नियम ८४ को देहाय (छ) बमोजिम नोकरीबाट हटाउने निर्णय गैरकानूनी नदेखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल भदौ २३ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६८ सालको WO-०९२५, उत्प्रेषण, *योगेन्द्रप्रसाद साह कानू समेत वि. महेन्द्रप्रसाद साह कानू समेत*

विलम्ब गरी आउनु पर्नाको विश्वसनीय आधार र कारण रिट निवेदकले निवेदनमा उल्लेख गर्न वा खुलाउन सकेको पाइदैन । आफ्नो अधिकारप्रति सचेत रहने व्यक्तिले समयमै उपचारको मार्ग अवलम्बन गर्नु पर्दछ । अनुचित विलम्ब गरी आउने निवेदक जस्ता व्यक्तिलाई अदालतले मद्दत गर्न नसक्ने हुँदा निवेदक मागबमोजिमको आदेश बिलम्बको सिद्धान्त (Principle of Laches) अनुसार जारी हुन नसक्ने भएकोले प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई मुद्दाको विषयवस्तुभित्र प्रवेश गरिरहनु नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः परशुराम भट्टराई
इति संवत् २०६८ साल चैत ३० गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०५७७, उत्प्रेषणमिश्रित परमादेश, *रुद्रबहादुर गुरुङ वि. श्री प्रवन्धरथी विभाग (खा.प.) नेपाली सेना जंगी अड्डा, भद्रकाली काठमाडौं समेत*

कानूनद्वारा व्यवस्थित उपचारको वैकल्पिक मार्ग परित्याग गरी सो कुरालाई उल्लेखै नगरी रिट क्षेत्रबाट प्रस्तुत निवेदन लिई यस अदालतमा प्रवेश गर्ने यी निवेदकलाई सफा हात लिई अदालत प्रवेश गरेको भन्न नमिल्नुका अतिरिक्त विपक्षी नेपाली सेना जंगी अड्डा भद्रकालीले मिति २०६८।९।२० गते गोरखापत्रमा श्री कालीदत्त गुल्मको राशन सामान आपूर्तिको नयाँ ठेक्काको लागि प्रकाशन गरेको सूचनाबमोजिम निवेकले पुनः बोलपत्र दिनसक्ने नै हुँदा प्रस्तुत रिट निवेदनमा निवेदकको माग सम्बन्धमा विपक्षीहरूसँग लिखित जवाफ झिकाइरहनु पर्नेसम्मको अवस्था समेत नदेखिँदा रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः मुक्ता प्याकुरेल
इति संवत् २०६८ साल पुस २४ गते रोज १ शुभम् ।

## पुनरावलोकन निस्सा

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की** पुनरावलोकन निवेदन नं. ०६७-RV-०२७०, उत्प्रेषण समेत, *आन्तरिक राजश्व विभाग वि. मुजफ्फर अहमद लारी*

बाबुले तिर्नु बुझाउनु पर्ने कर राजश्वको बक्यौता बाबुबाट असूल हुन नसकेमा आफू तिर्न तयार रहेको भनी यी रिट निवेदकले यस अदालतमा र आन्तरिक राजश्व कार्यालय, महेन्द्रनगरमा समेत निवेदन दिएको भन्ने तथ्य उल्लेख भएको पाइन्छ । यसरी रिट निवेदकले बाबुबाट उपर नभएको सरकारी राजश्वको बक्यौता तिर्न आफू तयार भनी प्रतिवद्धता जनाइरहेको तर आफ्नै सो प्रतिवद्धताअनुरूप बक्यौता तिर्नेतर्फ अग्रसर भएको नदेखिएको अवस्थामा निजको जग्गा समेतबाट बक्यौता राजश्व असूली गर्ने गरी आन्तरिक राजश्व कार्यालयले प्रारम्भ गरेको लिलामको कारवाही संयुक्त इजलासको उक्त आदेशबाट बदर भएको देखियो ।

यस सम्बन्धमा *नेकाप* २०४९ नि.नं. ४५१८ पृष्ठ ३८० मा यस अदालतबाट एकपटक आफूले स्वीकार गरिसकेको कुरालाई इन्कार गर्नु समन्याय (Equity) सदविचार (Good Conscience) समेतको विरूद्ध मानिन जान्छ र यस्तो काम गर्न व्यक्तिलाई विवन्धनको सिद्धान्त समेतले रोक्छ भनी सिद्धान्त प्रतिपादन भइरहेको देखिन्छ । कुनै व्यक्तिले स्वेच्छाले व्यक्त गरेको प्रतिवद्धतालाई विवन्धनको सिद्धान्त समेतले बन्धनकारी बनाउने कुरालाई हाम्रो प्रमाणसम्बन्धी कानून र अदालती अभ्यास समेतले स्वीकार गरेको सन्दर्भमा रिट निवेदकले व्यक्त गरेको उक्त प्रतिवद्धता निजबाट पूरा भएको नदेखिएको अवस्थामा राजश्व असूलीका लागि रिट निवेदकको जग्गा समेत

लिलामीमा चढाएको आन्तरिक राजश्व कार्यालय महेन्द्रनगरको निर्णय बदर गरेको संयुक्त इजलासको उक्त निर्णयमा यस अदालतबाट प्रतिपादित उपरोक्त सिद्धान्त समेतको त्रुटि देखिन आएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम पुनरावलोकनको निस्सा प्रदान हुने ।

इति संवत् २०६९ साल बैशाख २९ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको पुनरावलोकन निवेदन नं. ०६७-RV-०२६९, पुनरावलोकन गरिपाऊँ, *आन्तरिक राजश्व कार्यालय, महेन्द्रनगर वि. मुजफ्फर अहमद लारी* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६८-WO-1019, 0996, प्रतिषेध, उत्प्रेषण, *हेभेन्स भिलेज प्रा.लि. वि. ग्लोवल वैक लिमिटेड केन्द्रीय कार्यालय पानीपोखरी समेत*

निवेदकको तर्फबाट धितो रहेको सम्पत्ति लिलाम विक्रीका लागि २०६९।१।१४ मा प्रकाशित कान्तिपुरको सूचना विरुद्व परेको यिनै निवेदकले नै दायर गरेको ०६८-WO-०९९६ को रिट निवेदनमा २०६९।१।२१ मा लिलामसम्वन्धी कारवाही जे जस्तो अवस्थामा छ सोही अवस्थामा राखी विपक्षीहरूलाई छलफलमा झिकाएको पाइयो । तत्पश्चात् २०६९।१।२२ मा पुनः कान्तिपुर दैनिक पत्रिकामा नै २०६९।१।१४ को सूचनाअनुसार प्राप्त शिलवन्दी वोलपत्र वैकलाई मान्य नभएको भनी सोही सम्पत्ति लिलाम विक्रीका लागि ५ (पाँच) दिनको म्याद दिई पुनः वोलपत्र आह्वान भएको पाइयो ।

निवेदक र विपक्षी ग्लोवल वैक लिमिटेडबीच भएको कर्जासम्वन्धी सम्झौता अध्ययन गर्दा कर्जाको अन्तिम भाखा २०६९।६।१४ तदनुरुप सेप्टेम्वर ३०, २०१२ सम्म रहेको पाइन्छ । उक्त २०६८।६।३० को सम्झौताले ग्लोवल वैकलाई ऋणीको धितो सम्पत्ति लिलामी विक्री गर्न समेत दफा ३.६ ले अख्तियारी दिएको छ । निवेदकले त्रैमासिक रुपमा वैकलाई तिर्न बुझाउन पर्ने किस्ता २०६८ पौषसम्म चुक्ता गरेको कुरामा दुवै पक्षको सहमति नै रहेको देखिन्छ । २०६८ चैत्रमा बुझाउनु पर्ने किस्ता नबुझाएको कारणले २०६९।१।१४ मा कान्तिपुर दैनिक पत्रिकामा सूचना प्रकाशित गरी सो धितो सम्पत्ति लिलामी विक्रीका लागि कारवाही आरम्भ भएको पाइन्छ ।

सम्झौताको दफा ३.६ मा, "लगातार एक त्रयमाससम्म पनि व्याज तथा किस्ता भुक्तानी हुन नआएमा बैकले ३० दिनको सूचना दिएर वा नदिएर कर्जा सुविधा फिर्ता माग (Recall of credit facility) गर्नसक्ने वा कर्जा असूलीको कारवाही संचालन गर्न सक्नेछ" भन्ने शर्त लेखिएको पाइन्छ । निवेदकले लगातार नभई केवल एक त्रैमासिकको किस्ता नबुझाएको एकातिर देखिन्छ भने लगातार एक त्रयमाससम्म व्याज तथा किस्ता नबुझाएमा ३० दिनको सूचना दिएर वा नदिएर पनि लिलाम विक्रीको कारवाही गर्न सकिने कुरा सम्झौतामा उल्लेख भएपनि सूचना नै नदिएर असूलीको कारवाही अगाडि बढाउन पर्ने कारण उक्त सूचनामा बैकले खुलाउन सकेको पाईदैन । लिलाम विक्री गर्नु पूर्व सूचना दिनु भनेको ऋणीलाई सावा व्याजको किस्ता तिर्न मौका दिइनु हो । २०६९।१।२६ सम्म लिलाम विक्रीका लागि वोलपत्र दर्ता भएको र यस अदालतको निवेदकले नै २०६९।१।२२ को कान्तिपुर दैनिकमा प्रकाशित सोही सम्पत्ति लिलाम विक्रीका लागि वोलपत्र आह्वान गरिए विरुद्व दायर गरेको ०६८-WO-१०१९ को दोश्रो रिट निवेदनमा यस अदालत एकल इजलासको मिति २०६९।१।२५ को अल्पकालीन अन्तरिम आदेशको कारणबाट सो वोलपत्र नखोलिएको कुरा ग्लोवल बैकको तर्फबाट उपस्थित कानून व्यवसायीबाट व्यक्त भयो ।

अव, प्रस्तुत अवस्थामा अन्तरिम आदेश जारी गरिनु पर्ने हो होइन र अन्तरिम आदेश जारी गर्नु पर्ने अवस्था भए के कस्तो अन्तरिम आदेश जारी गर्नु पर्ने हो भन्ने प्रश्नमा विचार गर्नुपर्ने भएको छ । अन्तरिम आदेश जारी हुनका लागि व्यवस्था गर्ने सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) मा आवश्यक र उपयुक्त आदेश जारी गर्ने कानूनी व्यवस्था रहेको कुरा पनि विचारणीय छ । अपूरणीय क्षति, सुविधा सन्तुलन, कानूनको गम्भीर उल्लंघन र सार्वजनिक हित संरक्षण समेतका सैद्धान्तिक कसीमा अन्तरिम आदेश जारी हुने

हुँदा ती परिप्रेक्ष्यमा यस विवादमा उठेको प्रश्नका हकमा आवश्यक र उपयुक्त आदेश के कस्तो हुने भन्ने सन्दर्भमा विचार हुन आवश्यक छ ।

वैकसँग लिएको ऋण कर्जा सम्झौताअनुसार तिर्नु ऋणीको कर्तव्य हो भने ऋणको साँवा व्याजको किस्ता सम्झौताबमोजिम पाउनु र नपाएमा धितो सम्पत्ति लिलाम विक्री गरी असूलउपर गर्न पाउनु साहू वैकको अधिकार हो । यस कार्यमा सम्झौता र कानूनको परिपालन दुवै पक्षबाट हुन आवश्यक छ । यसमा निवेदक र विपक्षीवीच सम्पन्न सम्झौताको दफा ३.६ को परिपालन नगरी हुन जाने लिलाम विक्रीको कारवाहीबाट कानूनको उल्लंघनका अतिरिक्त निवेदकलाई अपूरणीय क्षति गर्ने तर्फ उन्मूख रहेको मान्नुपर्ने हुन्छ । ऋणीले पनि किस्ता नतिर्ने उद्देश्यले गरिने छलकपटलाई संरक्षण हुन पुग्दा वैंकलाई अपूरणीय क्षति हुन जाने कुरामा द्विविधा छैन ।

तसर्थ दुवै पक्षको सुविधालाई सन्तुलन गर्ने उद्देश्यले ऋणी निवेदकलाई २०६८ चैत्रको किस्ता तिर्न आउन ३० दिनको म्याद सूचना (व्यक्तिगत वा सार्वजनिक) वैंकको सुविधा अनुसार दिइनु र सो ३० दिनको अवधिभित्र सम्झौताअनुसारको किस्ता निवेदकले विपक्षी ग्लोवल वैंकमा दाखिल गरे लिलाम विक्रीको कारवाही अगाडि नवढाई यथास्थितिमा राख्नु तथा सो ३० दिनभित्र ऋणी निवेदकले यो दायित्व पूरा नगरे ३० दिनपछि दाखिल भएका बोलपत्र खोली लिलाम विक्रीद्वारा आफ्नो लिनुपर्ने रकम असूलउपर गर्न उपयुक्त र आवश्यक देखिन्छ ।

अतः निवेदकलाई सो वाकी किस्ता तिर्न बुझाउन ३० दिनको म्याद (सूचना) दिई निजले सम्झौताअनुरुपको २०६८ चैत्रमा बुझाउनु पर्ने किस्ता दाखिला नगरेमा बैकमा दाखिल भएका बोलपत्र सो ३० दिनपछि खोली सम्झौताअनुरुप गर्नू भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुरुप मिति २०६९।१।२५ समेतमा यस अदालतको एकल इजलासबाट जारी अल्पकालीन अन्तरिम आदेशलाई उल्लिखित निवेदकले २०६८ चैत्रको किस्ता तिर्न सूचना पाएको ३० दिनसम्मको अवधिको लागि निरन्तरता दिइएको छ । सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार गर्नू ।

इति संवत् २०६९ वैशाख ३१ गते रोज १ शुभम् ।

## २

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** रिट नं. ०६८-WO-१०८५, १०८६, १०८७, उत्प्रेषण समेत, *अधिवक्ता राजकुमार राना समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, अधिवक्ता कञ्चनकृष्ण न्यौपाने विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, भरतमणि जङ्गम समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपालको अन्तरिम संविधान, २०६३ मा दशौं संशोधनबाट धारा ६४ मा संशोधन गरी संविधानसभाको म्याद तीन महिना थप गरेको विषयमा पर्न आएको रिट नं.०६८-WS-००१४ को निवेदनमा यस अदालतबाट मिति २०६८।८।९ मा अन्य कुराका अतिरिक्त अन्तरिम संविधानको धारा ६४ को प्रतिवन्धात्मक वाक्यांशले अभिनिश्चित गरेको अवधि ननाघ्ने गरी अन्तिम पटकको लागि संविधानसभाले वास्तविक रुपमा जे जति समय आवश्यक पर्छ यकीन गरी सोही अवधिभित्रै संविधान निर्माणको कार्य सम्पन्न गर्न र त्यसरी गर्न नसकिने भएमा तत्पश्चात वर्तमान संविधानसभाको कार्यकाल स्वतः समाप्त हुने हुँदा सो अवधिभित्रै संविधानको धारा १५७ बमोजिम जनमत संग्रह वा धारा ६३ बमोजिम अर्को संविधानसभाको निर्वाचन वा संविधानबमोजिम अन्य उपयुक्त प्रवन्ध मिलाउन जो चाहिने आवश्यक काम कारवाही गर्न गराउन विपक्षी संविधानसभाका अध्यक्ष तथा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका नाममा आदेश जारी भएको देखिन्छ । उक्त आदेशले निर्देश गरेबमोजिम नै प्रत्यर्थीहरूबाट अन्तरिम संविधानमा एघारौं संशोधन गरी संविधानसभाको कार्यकाल मिति २०६८।८।१४ बाट पुनः ६ महिना बढाएको देखिए तापनि सो अवधि समेत समाप्त हुने अवस्था रही संविधान निर्माणको कार्यले पूर्णता नपाउँदै संविधानसभाको कार्यकाल पुनः ३ महिना थप गर्नको लागि प्रत्यर्थी मन्त्रिपरिषद्बाट मिति २०६९।२।९ मा निर्णय गरी प्रत्यर्थी व्यवस्थापिका संसद सचिवालयमा संशोधन विधेयक दर्ता गराएको भन्ने रिट निवेदनमा उल्लेख गरेको पाइयो । यस अदालतबाट भएको उक्त आदेशको पुनरावलोकन गरिपाऊँ भनी

प्रत्यर्थीहरूकै तर्फबाट परेको पुनरावलोकनको निवेदन यस अदालतबाट दरपीठ भैसकेको अवस्था हुँदा संविधानको धारा ११६ बमोजिम अन्तिम भएको उक्त आदेश प्रत्यर्थीहरू लगायत सबैलाई बाध्यकारी हुन्छ। साथै यस अदालतको उक्त आदेशले निर्देश गरेबमोजिम नै प्रत्यर्थीहरूबाट अन्तरिम संविधानमा एघारौं संशोधन गरी संविधानसभाको कार्यकाल पुनः छ महिना बढाएको देखिएको हुँदा प्रथमतः सो अवधि अर्थात् मिति २०६९।२।१४ भित्रै संविधान निर्माणको कार्य पूरा गर्नुपर्ने हुन्छ। अपितु मिति २०६८।८।९ को उक्त आदेशबमोजिम वर्तमान संविधानसभाको कार्यकाल स्वतः समाप्त हुने उल्लिखित अवस्थासम्ममा पनि संविधान निर्माणको कार्यले अझै पूर्णता नपाई सक्ने स्थिति भए सो आदेशले निर्देश गरेका विकल्पहरूमध्ये अर्को संविधानसभाको निर्वाचन, जनमत संग्रह वा संविधानबमोजिम अन्य उपयुक्त प्रवन्धको सम्बन्धमा निकास फुकाई प्रवन्ध मिलाउने तर्फ नलागी यस अदालतबाट कुनै आदेश नै नभए जस्तो ठानी साविकबमोजिमकै संविधान संशोधनको प्रक्रियाबाट संविधानसभाको कार्यकाल पुनः ३ महिना थप गर्ने निर्णय गरी संविधान संशोधन विधेयक पेश गरेको काम कारवाही यस अदालतबाट भएको आदेश तथा संविधानको धारा ६४ र धारा ११६ समेतको अनुकूल देखिन आएन।

यस अदालतबाट भएको अन्तिम आदेश तथा संविधानका उपरोक्त प्रावधानविपरीत संविधान सभाको म्याद थप्ने विषयमा प्रत्यर्थी मन्त्रिपरिषद्बाट मिति २०६९।२।९ मा गरिएको निर्णय प्रारम्भिक रुपमा नै त्रुटिपूर्ण देखिएको हुँदा सुविधा सन्तुलन समेतलाई दृष्टिगत गर्दा सो निर्णय कार्यान्वयन नगरी पेश गरिएको नेपालको अन्तरिम संविधान, २०६३ को तेह्रौं संशोधन विधेयकको प्रक्रिया अघि नबढाई यथास्थितिमा राख्नू भनी प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र संविधानसभाका अध्यक्ष समेतका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम यो अन्तरिम आदेश जारी गरी दिएको छ। आदेशको जानकारी महान्याधिवक्ताको कार्यालयमार्फत् यथाशीघ्र विपक्षीहरूलाई गराउनू।

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम्।

## अपहेलनामा कारण देखाउ आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६८-AP-०४७९, अदालतको अपहेलना, *कमलप्रसाद इटेनी वि. सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराई समेत*

निवेदन व्यहोरा अध्ययन गरी हेर्दा यस अदालतबाट मिति २०६८।८।९ मा जारी भएको आदेशको अवज्ञा हुने गरी नेपालको अन्तरिम संविधान, २०६३ को १३ औं संशोधन विधेयक दर्ता गर्ने मन्त्रिपरिषद्बाट मिति २०६९।२।९ मा भएको निर्णय र सो निर्णयबमोजिम व्यवस्थापिका संसद सचिवालयमा संशोधन विधेयक दर्ता गर्ने कार्यबाट सर्वोच्च अदालतको अपहेलना भएकोले अन्तरिम संविधान, २०६३ को धारा १०२(३) तथा सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ बमोजिम अपहेलनामा सजाय गरिपाऊँ भन्ने समतको निवेदन माग रहेको देखिन्छ ।

निवेदनमा उल्लेख गरिएको निवेदक भरतमणि जंगम समेत विरूद्ध राष्ट्रपतिको कार्यालय समेत भएको नेपालको अन्तरिम संविधान, २०६३ को दशौं संशोधन बदर घोषित गरिपाऊँ भन्ने रिट नं. ०६८-WS-००१४ को मुद्दामा यस अदालतको विशेष इजलासबाट मिति २०६८।८।९ मा अन्तरिम संविधानको धारा ६४ को प्रतिवन्धात्मक वाक्यांशले अभिनिश्चित गरेको अवधि ननाघ्ने गरी अन्तिम पटकको लागि संविधानसभाले वास्तविक रूपमा जे जति समय आवश्यक पर्छ यकीन गरी सोही अवधिभित्रै संविधान निर्माणको कार्य सम्पन्न गर्न र त्यसरी गर्न नसकिने भएमा तत्पश्चात् वर्तमान संविधानसभाको कार्यकाल स्वतः समाप्त हुने हुँदा सो अवधिभित्रै संविधानको धारा १५७ बमोजिम जनमत संग्रह वा धारा ६३ बमोजिम अर्को संविधासभाको निर्वाचन वा संविधानबमोजिम अन्य उपयुक्त प्रवन्ध मिलाउन जो चाहिने आवश्यक कामकारवाही गर्न गराउन आदेश जारी भएको देखिन्छ।

उक्त आदेशबमोजिमको कामकारवाही गर्न गराउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा महान्यायधिवक्ताको कार्यालयमार्फत् जानकारी पठाउने व्यहोरा समेत

आदेशको अन्तिम प्रकरणमा उल्लेख भएको पाइन्छ । त्यसबाट सो निर्णयबमोजिमको काम गर्नुपर्ने दायित्व देशको प्रधानमन्त्रीमा रहेको र सोको जानकारी नलिन वा नराख्न वा सो गर्न इन्कार गर्न समेत मिल्ने देखिँदैन । त्यसमा पनि उक्त आदेशको पुनरावलोकन गरी हेरिपाऊँ भनी विपक्षी प्रधानमन्त्री समेतका तर्फबाट यस अदालतमा परेको पुनरावलोकनको निवेदन दर पीठ भैसकेको भन्ने देखिएबाट सोको जानकारी विपक्षीहरूलाई नभएको भनी मान्न सकिने अवस्था देखिएन । अन्तरिम संविधानको धारा ११६(१) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश र निर्णय सबैले पालना गर्नुपर्नेछ भन्ने र उपधारा (२) मा मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त नेपाल सरकार तथा सबै अड्डा अदालतले मान्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । अन्तरिम संविधानबमोजिम गठन भएको संविधानससभा, मन्त्रिपरिषद्लगायतका सबै संवैधानिक संस्थाहरूसँग संविधान र कानूनद्वारा बाँधिने संस्कार र पद्धतिको अपेक्षा गरिएको हुन्छ । सोअनुसार उपरोक्त उल्लिखित निर्णयको अक्षर र भावनाको कार्यान्वयन गर्ने अहम् जिम्मेवारी सुम्पेको प्रधानमन्त्री र मन्त्रिपरिषद् जस्तो संस्थाले अदालतको निर्णयको अवज्ञा गर्ने वा उल्लंघन गर्ने वा सो हिसाबले कुनै कार्य गर्ने अपेक्षा किमार्थ गरिँदैन ।

उपरोक्त उल्लिखित मिति २०६८।८।९ को यस अदालतको आदेशको प्रकरण १८ मा अन्तरिम संविधानको धारा ६४ आफैंमा एउटा विशिष्ट व्यवस्था भएकोले यो असंशोधनीय र वाध्यात्मक हो भन्ने सम्बन्धमा पनि यस अदालतबाट स्पष्ट दृष्टिकोण अभिव्यक्त भैसकेको छ । साथै निर्णयको प्रकरण २० मा संविधान निर्माणको सम्बन्धमा विभिन्न विकल्पसहितको व्यवस्था गर्न सक्ने कुराहरू समेत उल्लेख भएको देखिन्छ ।

उल्लिखित पृष्ठभूमिमा विपक्षी प्रधानमन्त्री, मन्त्रिपरिषद्को अध्यक्ष भएको र मन्त्रिपरिषद्बाट अन्तरिम संविधानको धारा ६४ मा संशोधन गर्ने गरी तेह्रौं संशोधन विधेयक व्यवस्थापिका संसदमा पेश गर्ने निर्णय गरेको तथा कानूनमन्त्रीले विधेयक समेत दर्ता गर्ने कार्य गरेकोबाट यस अदालतको मिति २०६८।८।९ को उपरोक्त निर्णयको अवज्ञा गरेको भनी किन भन्न नमिल्ने हो ? सो कार्यबाट सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ बमोजिम अपहेलनाजन्य कार्य भएको हो होइन सो गरेबापत विपक्षीहरूलाई उक्त कानूनबमोजिम सजाय हुनुपर्ने हो होइन ? आफ्नो जो भएको सबै व्यहोरा र प्रमाणसहित लिखित जवाफ लिई यो आदेश प्राप्त गरेको मितिले ७ (सात) दिनभित्र स्वयं यस अदालतमा उपस्थित हुनु भनी विपक्षीहरूका नाउँमा सूचना म्याद जारी गर्नू ।

इति संवत् २०६९ साल जेठ ११ गते रोज ५ शुभम् ।

## दरपीठ उपरको आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६८-AP-०४३५, परमादेश, *श्यामसुन्दर गुप्ता वि. अध्यक्ष, सुवास चन्द्र नेम्वाङ्ग, संविधानसभाको संसद सचिवालय समेत*

निवेदक श्यामसुन्दर गुप्ता संविधानसभाको सदस्य रहेको र निजउपर अपहरण तथा शरीर बन्धक मुद्दा दायर भई सो सिलसिलामा काठमाडौं जिल्ला अदालतको आदेशबमोजिम थुनामा रहेको कुरा स्वीकार गर्दै संविधानसभाको बैठकमा भाग लिन आवश्यक प्रवन्ध मिलाई पाउन मिति २०६९।१।१० गते विपक्षीसमक्ष निवेदन दिएको भए पनि सुनुवाइ नभएको र सर्वोच्च अदालतबाट फौजदारी कसूरमा अभियोग प्रमाणित भएका व्यक्तिलाई संविधानसभाको बैठकमा भाग लिन दिने तर निवेदकलाई अभियोग मात्रै लागेको अवस्थामा पनि भाग लिन नदिने गरेको भनी भाग लिन दिनको लागि परमादेशको आदेश समेत माग गरी निवेदक यस अदालतसमक्ष प्रवेश गरेको देखिन्छ ।

निवेदकउपर लागेको अभियोग सम्बन्धमा फैसला भइसकेको अवस्था नरही विचाराधीन अवस्थामा रहेको देखिन्छ । निवेदकको संविधानसभाको सदस्यको हैसियत हालसम्म खारेज वा निलम्बन नगरेको भन्ने कुराको जिकीर निवेदकले गरेको पाइन्छ । कुनै फौजदारी अभियोग लागी थुनामा रहेको संविधानसभाको सदस्यलाई संविधानसभाको बैठकमा भाग लिन दिन मिल्छ वा मिल्दैन भन्ने कुरा संविधान र कानूनको विचारणीय प्रश्न देखिन्छ । निवेदकको हकमा

संविधानसभा वा सभामुखले समेत कुनै निर्णय गरी निजको सदस्यता निलम्बन गरेको वा निजलाई संविधनसभाको बैठकमा भाग लिन नदिने गरी कुनै अन्यथा निर्णय गरिसकेको भन्ने देखिदैन ।

संविधासभाको कुनै सदस्यउपर फौजदारी अभियोग लागी न्यायिक हिरासतमा रहेको अवस्थामा संविधानसभाको बैठकमा भाग लिन दिन मिल्ने वा नमिल्ने भन्ने संविधान र कानूनको प्रश्न भई त्यस सम्बन्धमा न्यायिक तवरले सर्वोच्च अदालतको इजलासबाट नै निराकरण गर्नुपर्ने र सिद्धान्त प्रतिपादन गर्नुपर्ने विषय भएको हुँदा त्यस्तोमा आकृष्ट नहुने नजीर लगाई प्रशासकीय स्तरमा नै निर्णय बोली पर्न आएको निवेदन दरपीठ गर्न नमिल्ने ।

इति संवत् २०६९ साल बैशाख २० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-RE-०२८३, कर्तव्य ज्यान, *गौरीशंकरप्रसाद साह वि. नेपाल सरकार*

मिति २०६८।७।२४ मा अधिवक्ता राजन अधिकारीले यस अदालतबाट भएको मिति २०६८।५।७ को फैसलाको नक्कल लिइसकेपछि पुनः मिति २०६८।१०।१२ मा अधिवक्ता कमलेशकुमार यादवले नक्कल लिएको मितिलाई थाहा पाएको मिति कायम गरेकोमा पहिलेको मिति २०६८।७।२४ मा अधिवक्ता राजन अधिकारीले नक्कल लिएपछि सोही मितिलाई निजले थाहा पाएको मिति कायम गरी पुनरावलोकनको निवेदनमा दरपीठको आदेश भएको देखिन्छ ।

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२ ले कानून व्यवसायीलाई नेपालका जुनसुकै अड्डा अदालत वा अधिकारीकासमक्ष आफ्नो पक्षका तर्फबाट उपस्थित हुने, पैरवी गर्न र वहस गर्ने अधिकार हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी जारी भएको कानून व्यवसायी आचारसंहिता, २०५१ को नियम ९ अन्तर्गत मुद्दामा वहस पैरवी गर्न कानून व्यवसायीले पेश गर्नुपर्ने अनुसूची १ मा उल्लिखित वकालतनामाको ढाँचामा यो मुद्दा अन्तिम निर्णय नभएसम्म उपस्थित हुन, बहस पैरवी गर्न र मेरा नाउँको म्याद बुझिलिन समेत तपाईलाई मैले कानून व्यवसायी राखेको हुनाले भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । यसबाट कानून व्यवसायी र निजका पक्षको बीचको सम्बन्ध करारीय प्रकृतिको देखा पर्दछ । सर्वोच्च अदालतको फैसलाको नजीर प्रयोजनका लागि वा अध्ययनका लागि कुनै पनि कानून व्यवसायीले नक्कल लिनसक्ने नै हुन्छ । कुनै पक्षको तर्फबाट वकालतनामा दिएको वा वहस पैरवी गरेको कानून व्यवसायीले सो फैसलाको आदेशको नक्कल लिनु नै सम्बन्धित पक्षले थाहा पाउनु होइन । निजको पक्षबाट वहस गर्नु हुने कानून व्यवसायीले नक्कल लिनु मात्र पर्याप्त नभई सो कुरा निजले आफ्नो पक्षलाई जानकारी गराएको पनि स्वतन्त्र रूपले स्थापित हुनु पर्दछ । पक्षले पुनरावलोकनको निवेदन दिन पाउने कानूनी अधिकारलाई यति सीमित र संकुचित अर्थमा ग्रहण गरी निजका तर्फबाट वहस गर्नुहुने कानून व्यवसायीले फैसलाको नक्कल लिएपछि निजलाई पक्कै जानकारी हुन्छ भन्ने अनुमानका आधारमा पुनरावलोकनको निवेदन दर्ता नगरी दरपीठ गरिएको आदेश कानूनसम्मत् मान्न सकिएन । उपरोक्त आधार कारणबाट समेत करारीय सीमित हक र दायित्व राख्ने कुनै कानून व्यवसायीले फैसलाको नक्कल सारिएको मितिलाई पक्षले थाहा पाएको मिति मान्न नमिल्ने ।

इति संवत् २०६९ साल बैशाख २९ गते रोज ६ शुभम् ।

**मेलमिलाप गरौं, विवाद नबढाऔं**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**